मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ | अंक २५५ | २०८२ साल श्रावण १९ गते सोमबार | Monday 04, August 2025 | सूर्योदयः बिहान ५:३१ बजे | सूर्यास्तः साँझ ६:५१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## भारतमा नेपालका नौ अभियन्ता सम्मानित

**मधेशदृष्टि**
**वीरगंज ।**
विश्वव्यापी मानव अधिकार संरक्षण मञ्चले भारतको नयाँ दिल्लीमा गरेको सेमिनार तथा पुरस्कार वितरण समारोहमा मधेश प्रदेश र कोशी प्रदेशका विभिन्न विधाका सक्रिय नौ अभियन्तालाई सम्मान गरेको छ । 'बुद्ध र उनको धम्म अम्बेडकरको अन्तिम कृति' विषयक सेमिनारमा मधेश प्रदेशको सामाजिक अभियानमा विभिन्न क्षेत्रबाट सक्रिय ८ जना सम्मानित भएका हुन् । एकजना उदयपुरका सम्मानित भएका छन् ।

सप्तरीकी सुनिता कुमारी साह, रौतहटका मुकेश कुमार साह, सप्तरीकै अन्वर अली, उदयपुरका प्रदीप गिरी, पर्साका ध्रुब कुमार साह, सर्लाहीका डा. नवल किशोर साह, सप्तरीकै नेत्रविक्रम साह र कामेश्वर साह तथा सर्लाहीकी सुनिता कलवार सम्मानित भएका हुन् ।

कार्यक्रममा मञ्चका संस्थापक सहअध्यक्ष महानन्द सरकार दत्त, कार्यकारी अध्यक्ष काशीराम गोविन्द पैठणे, उत्तराखण्डका सामाजिक कार्यकर्ता जयपाल सिंह, नेपालबाट सहभागी सुनिता साहले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम अधिवक्ता डा. विजय कुमार कस्तुरेले सञ्चालन गरेका थिए ।

# सात वर्षमा ३७ प्रतिशत मात्र काम

**मधेश प्रदेशको बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाको एक लाख २२ हजार हेक्टर अर्थात एक लाख ८३ हजार बिघा जमिनमा वर्षभर सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ । ३१ दशमलव ०७ मेगावाट जलविद्युत् उत्पादन हुँदा एक अर्ब ५५ करोड रुपैयाँ राजश्व सङ्कलन हुने अपेक्षा छ भने कृषिबाट अनुमानित वार्षिक १० अर्ब ३० करोड रुपैयाँ आम्दानी हुनेछ । आयोजनामा १९ अर्ब ३३ करोड ५१ लाख रुपैयाँ बजेटमध्ये १६ अर्ब ५० करोड २७ लाख रुपैयाँ खर्च भइसकेको छ ।**









मधेशमा पानीको चरम अभाव भोगिरहेका बेला समस्या समाधानका लागि महत्त्वपूर्ण मानिएको आयोजनाको काममा ढिलाइ हुनु दुःखद छ । समयमा सम्पन्न गराउन प्रदेश सरकारका तर्फबाट नेपाल सरकारलाई औपचारिक रुपमै प्रतिवेदन तयार गरी जानकारी गराइने छ ।

**– सतिश कुमार सिंह**
**मुख्यमन्त्री, मधेश प्रदेश**



सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनामा निर्माणबारे प्रधानमन्त्री केपी शर्मा ओलीको विशेष चासो छ । मधेशमा पानीको हाहाकार भइरहेको र एउटै विकल्प यही भएका बेला समयमै ठेक्का सम्झौता पालना नहुने अवस्था रहे सम्झौता रद्द गर्नुपर्ने हुनसक्छ ।

**– सरोजकुमार यादव**
**भौतिक पूर्वाधारमन्त्री**

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तराई–मधेशको सिँचाइ, खानेपानी र ऊर्जा उत्पादन समस्या समाधानमा लाइफलाइन मानिएको छ सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना । हुँदाहुँदा यसवर्ष त साउनको तेस्रो सातासम्म पानी पर्ने छाट नआएपछि मधेशको सुक्खापन राष्ट्रिय राजनीतिक एजेन्डा बन्यो । प्रदेश सरकार, केन्द्र सरकारले संकटग्रस्त मधेश घोषणा गर्नु परेको छ ।

र, मधेशका लागि भनेर तयार पारिएको राष्ट्रिय गौरवको आयोजना निर्माण भने कछुवागतिमा छ । आयोजना निर्माणको सम्झौताले सात वर्ष पार गर्दा ३७ प्रतिशत मात्र प्रगति छ । मधेश सुक्खा भइरहँदा रामवाण मानिएको आयोजनाको गति नै यस्तो भएपछि मुलुकमा विकासे काम कस्तो होला ? प्रश्न पुरानै हो ।

बागमती प्रदेशअन्तर्गत सिन्धुलीको सुनकोशी गाउँपालिका–८ ढुङ्रेबाँस(खुर्कोट)स्थित सुनकोशी नदीबाट शुरु भएको डाइभर्सन आयोजनामा ३६ दशमलव ८३ प्रतिशत मात्र भौतिक प्रगति भएको समाचार आइतबार सरकारी समाचार संस्था राससले सम्प्रेषण गरेको छ ।

नेपाल सरकार र निर्माण कम्पनीबीच भएको सम्झौताअनुसार २०७६–७७ देखि २०८५–८६ अर्थात् १० वर्षमा आयोजनाको काम सम्पन्न हुनुपर्नेछ, तर आयोजनाअन्तर्गत दोस्रो चरणको काम ढिलो भएपछि समयमै पूरा हुनेमा शङ्का व्यक्त गरिएको समाचारमा उल्लेख छ ।

१३ दशमलव ३ सय १६ किलोमिटर सुरुङमार्गको निर्माण सम्पन्न भए पनि अन्य भौतिक पूर्वाधार र विद्युत् उत्पादनकार्यमा अपेक्षित प्रगति नभएको पाइएको छ । शनिबार मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह, भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादव र ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवलगायतको टोली आयोजनामा स्थलगत अवलोकन गर्न पुगेको थियो । टोलीले ढुङ्ग्रेबास (खुरकोट)देखि सुरुङको अन्तिम बिन्दु कमलामाई नगरपालिका–२ कुसुमटारस्थित मरीन खोलासम्म पुगेर आयोजना कार्यान्वयन अवस्थाबारे जानकारी लिएको थियो ।

अवलोकनमा आयोजनाका सिनियर डिभिजनल इन्जिनियर अशोकराज गौतमले आयोजना दोश्रो चरणको ठेक्का सम्झौताअनुसार २०७९ माघ ११ गतेदेखि पटेल–रमण जेभीले काम थालेको र हालसम्म १० दशमलव १३ प्रतिशत मात्र भौतिक प्रगति भएको जानकारी गराए । उनका अनुसार नेपाल सरकार र निर्माण कम्पनीबीचको सम्झौताअनुसार दोस्रो चरणअन्तर्गतको काम २०८४ असार २५ भित्र सम्पन्न हुनुपर्नेछ । पहिलो चरणको ठेक्काको काम चिनियाँ कम्पनी चाइना ओभरसिज इन्जिनियरिङ ग्रुपले सम्पन्न गरिसकेको छ ।

मुख्यमन्त्री सिंहले मधेशमा पानीको चरम अभाव भोगिरहेका बेला समस्या समाधानका लागि महत्त्वपूर्ण मानिएको आयोजनाको काममा ढिलाइ हुनु दुःखद भएको बताए । उनले आयोजनालाई समयमा सम्पन्न गराउन प्रदेश सरकारका तर्फबाट नेपाल सरकारलाई औपचारिक रूपमै प्रतिवेदन तयार गरी जानकारी गराइने बताए ।

भौतिक पूर्वाधारमन्त्री सरोजकुमार यादवले आयोजनामा प्रधानमन्त्री केपी शर्मा ओलीको विशेष चासो रहेको भन्दै समयमै ठेक्का सम्झौता पालना नहुने अवस्था रहे सम्झौता रद्द गर्नुपर्ने बताए । आयोजना ४९ अर्ब ४२ करोड ३१ लाख रुपैयाँ लागतमा निर्माण भइरहेको छ । मधेश प्रदेशका बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाको एक लाख २२ हजार हेक्टर अर्थात एक लाख ८३ हजार बिघा जमिनमा वर्षभर सिँचाइ सुविधा पु¥याउने लक्ष्य रहेको सिनियर डिभिजनल इन्जिनियर गौतमले बताउनुभयो । साथै आयोजनाबाट ३१ दशमलव ०७ मेगावाट जलविद्युत् उत्पादन हुने उहाँले बताउनुभयो ।

आयोजना सम्पन्न भएपछि कृषिबाट अनुमानित वार्षिक १० अर्ब ३० करोड रुपैयाँ र बिजुली उत्पादनबाट एक अर्ब ५५ करोड रुपैयाँ राजश्व सङ्कलन हुने अपेक्षा छ । आयोजना निर्माणमा हालसम्म १९ अर्ब ३३ करोड ५१ लाख रुपैयाँ बजेटमध्ये १६ अर्ब ५० करोड २७ लाख रुपैयाँ खर्च भइसकेको छ । प्रारम्भिक चरणमा केही प्रगति देखिए पनि दोस्रो ठेक्का सम्झौताअनुसारको कार्य अत्यन्त सुस्त देखिएकाले गति बढाउन समन्वय भइरहेको सिनियर डिभिजनल इन्जिनियर गौतमको भनाइ छ ।




## राहत प्याकेजबिना सुक्खाक्षेत्र घोषणा
# पीडितलाई झन पीडाः साह

**मधेशदृष्टि**
**बारा ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले सरकारले मधेशलाई विपद संकटग्रस्त क्षेत्र घोषणा गर्ने तर राहत प्याकेजको कुनै योजना नल्याउनु सरकारको नालायकीपन भएको टिप्पणी गरेका छन् । बाराको कलैयास्थित उद्योग वाणिज्य संघको सभाहलमा आजपाद्वारा आयोजित कार्यक्रममा अध्यक्ष साहले राहत प्याकेजबिना सुक्खाक्षेत्र घोषणाले पीडितलाई झन पीडित बनाएको बताए । मधेशमा जलसंकट देखिएपछि सरकारले मधेशका आठ जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो । तर सरकारले अहिलेसम्म राहतको कुनै प्याकेज ल्याउन सकेको छैन् ।

'मधेशमा जलसंकटले सर्वसधारणदेखि किसानसम्म मर्कामा परेका छन्, समस्यामा छन् । सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नु त ठीकै हो । तर के सरकारको काम केबल संकटग्रस्त घोषणामात्रै हो ? के सरकारले पीडामा रहेका ती मान्छेका लागि कुनै राहतको प्याकेज ल्याउँनु हुँदैन ? राहत प्याकेजको कुनै योजना नल्याउनु सरकारको नालायकीपन हो,' आजपा अध्यक्ष साहले भने । साहले पीडितलाई तत्काल राहत प्याकेजसहित दीर्घकालीन रुपमा पानीको समस्या समाधानमा सरकार लाग्नुपर्नेमा ध्यानाकर्षण गराए ।



मधेशमा जलसंकट देखिएपछि हेलिकप्टरमा सयर गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले पाँच सय डिप बोरिङ गाड्ने घोषणा गरेको तर हालसम्म एउटा पनि डिपबोरिङ नगाडिएको भन्दै उनको घोषणा हावादारी गफ मात्रै भएको टिप्पणी गरे । 'प्रधानमन्त्रीजी हेलिकप्टरमा सयर गर्दै आउनुभयो र पाँच सय डिप बोरिङ गाड्ने भन्नु भयो । म सोध्न चाहन्छु त्यो पाँच सय डिप बोरिङ कहाँ छ ? कहिले गाड्ने हो ? यस्तो हावादारी गफ गरेर जनताको भावनासँग खेलवाड गर्न पाइन्छ ?,' साहले प्रश्न गरे ।

आश्वासन नभई पीडित जनतालाई राहत प्याकज दिन उनले माग गरे । अहिले मधेशमा खानेपानी नपाएर जनता मारमा परेका छन् । चापाकल सुकेको छ, इनार सुकेको छ तर पनि सरकारले यस्तो गम्भीर विषयमा ध्यान नदिइ जनताको भावनासँग खेलवाड गरिरहेको उनले बताए । सरकारले मधेश प्रदेशमा जलसंकट देखिएपछि मधेशका आठ जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो । खानेपानीदेखि खेतीकिसानीका लागि आवश्यक पानीको हाहाकार भएपछि विपद् संकटग्रस्त घोषणा भएको मधेशका गाउँमा भने कुनै राहत पुगेको छैन ।

आजपा बारा अध्यक्ष राजकिशोर साहको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय कार्यालयका सदस्यहरु अशोक लामा, त्रिभुवन साह, उमेश कुश्वाहालगायतको सहभागिता थियो । उनीहरुले जलसंकट भएर जिल्लाका किसानदेखि सर्वसाधारण नागरिकले दुःख पाइरहेको बताए ।



# कृषि उपज संकलन केन्द्र स्थापना हुँदै

मधेशदृष्टि
जनकपुरधाम ।
कृषकहरूले उत्पादन गरेका कृषि उपज बिचौलियाको झन्झटबिना सीधै बजारमा लैजाने र उचित मूल्यमा बिक्री गर्ने वातावरण तयार गर्न धनुषाको ढल्केबरमा कृषि उपज संकलन केन्द्र स्थापना गरिने भएको छ । राष्ट्रिय कृषि कम्पनी नेपाल लिमिटेडको पहलमा उक्त केन्द्र स्थापनाको तयारी थालिएको हो । ढल्केबरमा कम्पनीले आयोजना गरेको 'नेपालको कृषि रुपान्तरण' विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रममा कम्पनीका अध्यक्ष विशाल हुमागाईंले संकलन केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन अगाडि बढाइएको जानकारी दिए । उनका अनुसार केन्द्र स्थापना



भएपछि किसानबाट सिधै उपज खरिद गरिनेछ । यसले किसानलाई स्थिर मूल्य, भरपर्दो बजार पहुँच र पारदर्शिता सुनिश्चित गर्नेछ । 'ढल्केबर र आसपासका भू–भाग कृषि उत्पादनमा निकै सम्भावनायुक्त छन्,' हुमागाईंले भने, 'तर, उत्पादन गरे पनि किसानले बजारमा उचित मूल्य नपाउँदा वर्षौंदेखि मर्कामा परिरहेका छन् ।' कम्पनीले कृषकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने र उपज खरिदमा विशेष छुट तथा सहुलियत दिने योजना पनि अघि सारेको अध्यक्ष हुमागाईंको भनाइ छ । 'कृषक र उपभोक्ता दुवैलाई लाभ हुने गरी योजना बनाउँदैछौं,' उनले थपे, 'कृषकलाई स्थायी बजार दिँदा उत्पादन बढ्नेछ भने उपभोक्तालाई पनि सस्तो मूल्यमा उपज उपलब्ध हुने हुँदा राहत मिल्नेछ ।' कार्यक्रममा कम्पनीका बजार व्यवस्थापक अजयकुमार सिंहले कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र कृषकको आय वृद्धि नै कम्पनीको मूल लक्ष्य भएको स्पष्ट पारे । 'हामी केवल उपज संकलन गर्ने मात्र नभई उत्पादनदेखि उपभोक्तासम्मको सम्पूर्ण शृंखलालाई व्यवस्थित गर्न चाहन्छौं,' उनले भने । कम्पनीको यो पहलप्रति स्थानीय किसानहरू उत्साहित देखिएका छन् । उनीहरूले अब उपज बिचौलियाको हातमा नपर्ने, मूल्य पारदर्शी हुने र नियमित खरिदको व्यवस्था कायम हुने आशा व्यक्त गरेका छन् ।

# जसपा नेपालले प्रधानमन्त्री र मुख्यमन्त्रीलाई बुझायो ज्ञापन





राकेश यादव
रौतहट ।
जनता समाजवादी पार्टी नेपाल रौतहटले आइतबार प्रधानमन्त्री तथा मधेश प्रदेश सरकारका मुख्यमन्त्रीलाई ज्ञापन पत्र बुझाएका छन् । सुख्खाग्रस्त क्षेत्र घोषणा गरिए पनि किसानलाइ राहत प्याकेज दिनु पर्ने लगायतका माग राख्दै जसपा नेपालले जिल्ला प्रशासन कार्यालयमार्फत ज्ञापन पत्र बुझाएका हुन् । जिल्ला अध्यक्ष राजिव रंजन यादवको नेतृत्वमा गएका जसपा नेपालका कार्यकर्ताहरू सहायक प्रमुख जिल्ला अधिकारी किरणनिधि तिवारीलाइ ज्ञापन पत्र बझाएका छन् । ज्ञापन पत्रमा पीडित किसानलाई राहत प्याकेज उपलब्ध गराउनु पर्ने, पानीको स्रोत संरक्षण गर्नका लागि चुरे दोहन रोक्नु पर्ने, अवैध रुपमा हुने उत्खनन् नियन्त्रण तथा कानुन विपरित सञ्चालनमा रहेका क्रसर उद्योगमाथि कारवाही गर्नु पर्ने माग गरिएको छ । मधेश प्रदेशको वीरगंजदेखि बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लामा पानीको समस्यालाई तत्काल समाधान गर्नु पर्ने, किसानलाई मोटर स्यालो ट्युबेल जडान गर्नका लागि लगाइएको २ बिगहा जग्गाको प्रावधान हटाएर साना किसानलाई पाउने गरि व्यवस्था मिलाउनु पर्ने, उखु किसानको रकम भुक्तानी हुनु पर्ने माग ज्ञापन पत्रमार्फत गरिएको छ । ज्ञापन पत्र बुझाउने कार्यक्रममा गुजरा नगरपालिकाका मेयर सन्तलाल चौधरी, माधव नारायण नगरपालिकाका उपप्रमुख निर्मला रमण, पूर्वराज्यमन्त्री योगेन्द्र राय यादव, गौर नगरपालिकाका पूर्वउपप्रमुख किरण ठाकुर लगायतका सयौं पार्टी कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

# नेकपा एस छाडेर वडाध्यक्ष पासमान एमालेमा

मधेशदृष्टि
जनकपुरधाम ।
धनुषाको कमला नगरपालिका–५ का निर्वाचित वडाध्यक्ष शिवा पासमान नेकपा एकीकृत समाजवादी (नेकपा एस) परित्याग गरी नेकपा एमालेमा प्रवेश गरेका छन् । पूर्वउपप्रधानमन्त्री एवम् नेकपा एमालेका सचिव रघुवीर महासेठ र प्रदेश सांसद लखन दासको पहलमा पासमान एमाले प्रवेश गरेका हुन् । आइतबार पासमानसहित युवा नेता अजयकुमार गोइतलाई एमालेमा औपचारिक स्वागत गरिएको हो । एमाले नेताहरूले उनीहरूलाई टिका र गम्छा लगाएर स्वागत गरेका थिए । कार्यक्रममा स्थानीय नेता, कार्यकर्ता, समर्थकहरूको उल्लेख्य उपस्थिति रहेको थियो । वडाध्यक्ष पासमान कमला नगर क्षेत्रमा लामो समयदेखि राजनीतिक रूपमा सक्रिय नेता मानिन्छन् । तत्कालीन पञ्चायती व्यवस्थामा २०४८ सालमा उनले हालका नगरप्रमुख विशेश्वर



यादवलाई हराएर प्रधानपञ्च पदमा निर्वाचित भएर पहिलोचोटि जनप्रतिनिधिका रूपमा उदाएका थिए । २०७४ को स्थानीय तह निर्वाचनमा उनी नेकपा एमालेबाट एक्लो विजयी उम्मेदवार बने । कमला नगरपालिकाका नौ वडामध्ये बाँकी वडाहरूमा एमालेको हार हुँदा पनि वडा नम्बर–५ बाट उनी एमालेकै तर्फबाट निर्वाचित भएका थिए । २०७९ को स्थानीय निर्वाचनमा उनले नेकपा एकीकृत समाजवादीको टिकटबाट उम्मेदवारी दिएर पुनः वडाध्यक्षमा निर्वाचित भए । उनले दुबै पटक तत्कालीन मेयर विशेश्वर यादवका भाइ चन्देश्वर यादवलाई पराजित गरेका थिए । नेकपा एस छोडेर एमालेमा प्रवेश गर्नुको कारण खुलाउँदै वडाध्यक्ष पासमानले पार्टीभित्र आफूलाई निरन्तर होच्याउने र बेवास्ता गर्ने प्रवृत्तिको विरोधमा निर्णय गर्नुपरेको बताए । उनका अनुसार, निर्वाचनमा पार्टीको जित दिलाउँदा पनि नेताहरूले मूल्यांकन नगरेको र नेताहरूको घेराबन्दीले आफूजस्ता स्थानीय नेतालाई दबाबमा पारेको हो । उनले भने, 'जनताले साथ दिइरहेका छन् । तर, पार्टीभित्र आफ्नै नेताहरूले अपमान गर्दै होच्याउन थालेपछि म मौन बस्न सकिनँ । एमालेमै मेरो राजनीतिक पहिचान सुरक्षित देखिन्छ ।' एकीकृत समाजवादीबाट निर्वाचित भएर एमालेमा गएका पासमानले आगामी निर्वाचनमा एमालेका लागि 'फ्रन्टलाइन फेस'को भूमिका खेल्न सक्ने देखिन्छ ।

# दर्जनौं घरका विद्युतीय उपकरण जलेर नष्ट

मधेशदृष्टि
जनकपुरधाम ।
शनिबार राति परेको भीषण वर्षासँगै खसेको चट्याङले धनुषाको बटेश्वर गाउँपालिका–५ चित्रपुरस्थित बस्तीमा ठूलो क्षति पुर्याएको छ । आकस्मिक चट्याङको प्रहारले दर्जनौं घरका विद्युतीय उपकरण पूर्ण रूपमा नष्ट भएका छन् । स्थानीयवासीका अनुसार चित्रपुर टोलका लगभग सबै घरमा टेलिभिजन, पंखा, बल्ब, इनभर्टर, वायरिङ प्रणाली लगायतका सामग्रीमा गम्भीर क्षति पुगेको छ ।
चट्याङसँगै गडगडाहट भएको केही सेकेन्डमै उपकरणहरू जल्न थालेको उनीहरूको भनाइ छ । स्थानीय जितेन्द्र सिंहले भने, 'चट्याङ परेको झ्याँक्री आवाज आएपछि हाम्रो इनभर्टर र टिभी एकैछिनमा जले । छिमेकीहरूका पनि त्यस्तै क्षति भएको सुनेका छौं ।'
चट्याङका कारण मानवीय क्षति भने नभएको स्थानीयले जनाएका छन् । तर, बस्तीभर विद्युत आपूर्ति सेवा अवरुद्ध भएको र विद्युत लाइन पूर्णरूपमा अव्यवस्थित भएको बताइएको छ ।

# अनुदानको मागसहित प्रधानमन्त्रीलाई ज्ञापनपत्र





आरके श्रीवास्तव
रौतहट ।
उखु उत्पादक संघ रौतहटले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउँदै आर्थिक वर्ष २०८१/८२ को बाँकी रहेको उखु अनुदान रकम तत्काल भुक्तानी गर्न माग गरेको छ । संघले प्रतिक्विन्टल ७० रुपैयाँका दरले हुने करिब १ अर्ब ६० करोड रुपैयाँ अनुदान सरकारले अझै नदिएको भन्दै चिनी उद्योगबाट भुक्तानी भए पनि सरकारी अनुदान रोकिएको जनाएको छ । सर्लाहीको हरिवनमा बसेको नेपाल उखु उत्पादक महासंघको बैठक निर्णयअनुसार संघले प्रधानमन्त्रीको ध्यानाकर्षण गराउँदै उखु अनुदान र आगामी मूल्य निर्धारणका लागि त्रिपक्षीय वार्ता गराउन पनि आग्रह गरेको छ । किसानहरुले विगतमा आन्दोलनबाट अनुदान व्यवस्था लागू गराएको स्मरण गराउँदै संघले यदि माग सम्बोधन नभए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएको उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक प्रसादले जानकारी गराए । पहिलो चरणमा साउन १८ गते जिल्ला प्रशासन कार्यालयमार्फत ज्ञापन पत्र, साउन २० मा चिनी उद्योग अगाडि प्रदर्शन र भदौ ८ देखि माईतीघर मण्डलामा धर्ना कार्यक्रम घोषणा गरिएको छ । ज्ञापन पत्र बुझाउने क्रममा नेता वृजकिशोर यादव, रामभरोस यादव लगायतका व्यक्तिहरू सहभागी थिए ।

# उखु किसानको चेतावनीः बाँकी अनुदान नदिए आन्दोलन

राजिव साह
सर्लाही ।
उखु किसानहरूले आफूहरूलाई दिन बाँकी रहेको प्रतिक्विन्टल ३५ रुपैयाँ अनुदान तत्काल उपलब्ध गराउन माग गरेका छन् । सर्लाहीका किसानहरूले सरकारसँग पटक–पटक अनुरोध गर्दा पनि माग सुनुवाइ नभएको गुनासो गर्दै अब सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिएका हुन् । उखु उत्पादक संघ सर्लाहीको नेतृत्वमा आइतबार प्रमुख जिल्ला अधिकारी तुलसी बहादुर श्रेष्ठमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको हो । ज्ञापनपत्रमार्फत किसानहरूले बाँकी अनुदान निकासाका लागि तत्काल पहल गर्न



सरकारसँग आग्रह गरेका छन् । साउन २० गते दिउँसो ३ बजे जिल्लास्थित चीनी उद्योगको गेट अगाडि प्रदर्शन गर्ने र भदौ ८ गतेदेखि काठमाडौंको माइतीघर मण्डलामा धर्ना तथा बिरोध कार्यक्रम समेत सार्वजनिक गरेको छ । ज्ञापनपत्र बुझाउने टोलीमा जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख कौशल किशोर सिंह, गोडैता नगर प्रमुख देवेन्द्र प्रसाद यादव, बलरा नगरपालिका प्रमुख रमाशंकर कुशवाहा, रामनगर गाउँपालिका अध्यक्ष राजाबाबु यादव तथा उखु उत्पादक संघ सर्लाहीका कार्यवाहक अध्यक्षलगायतको सहभागिता रहेको थियो ।

# जसपा सप्तरीको निर्वाचन आज

मधेशदृष्टि
सप्तरी ।
जनता समाजवादी पार्टी नेपाल सप्तरीको नयाँ नेतृत्व चयनका लागि दुई पटक तय गरेर स्थगित गरिएको निर्वाचन आज हुन लागेको छ । यसअघि मतदाता सूचीमा समावेश नामहरुमध्ये केहीमा दाबी बिरोध परेपछि शनिबार साउन १७ गतेका लागि तय गरिएको निर्वाचन मिति एक दिन सारेर साउन १८ गते आइतबारका लागि तय गरिएको थियो । तर, आइतबार उम्मेदवारी दर्ता प्रक्रियाको विषयलाई लिएर फेरी विवाद शुरु भएपछि निर्वाचन रोकिएको थियो । कार्यसमितिको सदस्य पदका लागि एक पक्षले निर्वाचन निर्देशिका अनुसार मनोनय दर्ता गरेको र अर्को पक्षले प्रक्रिया नपुर्याएर मनोनयन दर्ता गराएको भन्ने विषयलाई लिएर विवाद भएपछि आइतबार हुने भनिएको निर्वाचन पनि हुन सकेन ।
पार्टीका केन्द्रिय नेता, स्थानीय नेता तथा निर्वाचन समिति समेत राखेर चलेको सात घण्टाको बैठकपश्चात् निर्वाचनको नयाँ मिति सोमबारका लागि घोषणा गरिएको छ । यसअघि घोषित निर्वाचन तालिका अनुसार शनिबार दुबै प्यानलबाट उम्मेदवारी दर्ता गराएका थिए । अध्यक्षमा केदार प्रसाद यादव र उमेश प्रसाद यादवले आ–आफ्नो प्यानलसहित उम्मेदवारी दर्ता गराएका छन् । सात जना पदाधिकारीसहित कुल ५७ पदका लागि हुने निर्वाचनमा ५ सय १८ जना मतदाता रहेको निर्वाचन समितिले जनाएको छ ।

# लागुऔषधसहित दुई पक्राउ



मधेशदृष्टि
राजविराज ।
प्रहरीलाई देख्नासाथ मोटरसाइकल लिएर भाग्ने प्रयास गर्दा हवाई फायर गरी २ जनालाई लागुऔषधसहित पक्राउ गरिएको छ । पक्राउ पर्नेहरुमा सप्तरीको छिन्नमस्ता गाउँपालिका–१ बरहीविरपुरका २९ वर्षीय बिशाल राय र डाक्नेश्वरी नगरपालिका–७ मझौराका ३९ वर्षीय मनोज राय छन् । आइतवार बिहान ११:३० बजेतीर गोप्य सुचनाका आधारमा पुगेको लागुऔषध नियन्त्रण ब्युरो काठमाडौं तथा जिल्ला प्रहरी कार्यालय सप्तरीको संयुक्त टोलीले उनीहरुलाई राजविराज–छिन्नमस्ता सडकखण्डबाट पक्राउ गरेको हो । उनीहरुको साथबाट १ सय ७७ ग्राम प्रतिबन्धित लागुऔषध खैरो हेरोइन तथा २ थान मोबाइल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।
पूर्वसूचनाका आधारमा पुगेको प्रहरी टोलीले उनीहरु चढेको स.८ प. ८२२५ नम्बरको मोटरसाइकल रोकेर चेकजाँच गर्न थालेपछि भाग्न खोज्दा २ राउण्ड हवाई फायर समेत गरी नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ । पक्राउ परेका दुबै जनालाई हिरासतमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सम्पादकीय

# सुक्खा संकटमा मौखिकता मात्रै ?

मधेशमा देखिएको सुक्खापन संकट घोषणामा सीमित छ। सरकारले जारी गरेको राहतको सूचनामा जनताको पहुँच हुनेवाला छैन। परिमाण ठूलो हुनुपर्ने भनिएको छ। ससाना गरिबका लागि प्रदेश सरकार आएकै होइन भन्ने देखिन्छ। यस्तैमा जनता समाजवादी पार्टी, नेपाल (जसपा) पर्साले मधेश प्रदेशमा देखिएको सुक्खा संकटको सन्दर्भमा सरकारको कामप्रति गम्भीर असन्तोष व्यक्त गरेको छ। दलले प्रधानमन्त्री र मधेशका मुख्यमन्त्रीलाई ११ बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ।

जसपाले सरकारले सुक्खा संकटग्रस्त क्षेत्र घोषणामा राहत प्याकेज नल्याउनु 'नालायकीपन' भएको आरोप लगाएको छ। जिल्ला प्रशासन कार्यालयहरुमार्फत बुझाएको ध्यानाकर्षण पत्रमा 'सरकारको काम केबल घोषणामा मात्र सीमित भएको उल्लेख छ। राहतको कुनै ठोस नीति वा बजेट अहिलेसम्म छैन। यस्तो अवस्थामा सर्वसाधारणको जीवन अत्यन्तै कष्टकर बनेकामा प्रमुख प्रतिपक्षीको हैसियतमा जसपा नेपालले ध्यानाकर्षण गराएको छ। मधेश प्रदेशका ८ वटै जिल्लका प्रशासन कार्यालयमार्फतसुक्खा संकटमा मौखिता मात्रै ?

मधेशमा देखिएको सुक्खापन संकट घोषणामा सीमित छ। सरकारले जारी गरेको राहतको सूचनामा जनताको पहुँच हुनेवाला छैन। परिमाण ठूलो हुनुपर्ने भनिएको छ। ससाना गरिबका लागि प्रदेश सरकार आएकै होइन भन्ने देखिन्छ। यस्तैमा जनता समाजवादी पार्टी, नेपाल (जसपा) पर्साले मधेश प्रदेशमा देखिएको सुक्खा संकटको सन्दर्भमा सरकारको कामप्रति गम्भीर असन्तोष व्यक्त गरेको छ। दलले प्रधानमन्त्री र मधेशका मुख्यमन्त्रीलाई ११ बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ। जसपाले सरकारले सुक्खा संकटग्रस्त क्षेत्र घोषणामा राहत प्याकेज नल्याउनु 'नालायकीपन' भएको आरोप लगाएको छ।

जिल्ला प्रशासन कार्यालयहरुमार्फत बुझाएको ध्यानाकर्षण पत्रमा 'सरकारको काम केबल घोषणामा मात्र सीमित भएको उल्लेख छ। राहतको कुनै ठोस नीति वा बजेट अहिलेसम्म छैन। यस्तो अवस्थामा सर्वसाधारणको जीवन अत्यन्तै कष्टकर बनेकामा प्रमुख प्रतिपक्षीको हैसियतमा जसपा नेपालले ध्यानाकर्षण गराएको छ। मधेश प्रदेशका ८ वटै जिल्लका प्रशासन कार्यालयमार्फत संघ र प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाइएको हो। जसपा नेपालले सुक्खाग्रस्त क्षेत्रमा अविलम्ब सिँचाइको प्रबन्ध मिलाउन, किसानलाई कृषि ऋणमा छुट दिलाउन र मलखादको न्यायोचित वितरण गर्न माग गरेको छ। मधेश प्रदेशका विभिन्न शहर र ग्रामीण क्षेत्रमा देखिएको खानेपानीको चरम अभावलाई तत्काल सम्बोधन गर्नु जसपा नेपालको माग छ।

संघ र प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाइएको हो। जसपा नेपालले सुक्खाग्रस्त क्षेत्रमा अविलम्ब सिँचाइको प्रबन्ध मिलाउन, किसानलाई कृषि ऋणमा छुट दिलाउन र मलखादको न्यायोचित वितरण गर्न माग गरेको छ। मधेश प्रदेशका विभिन्न शहर र ग्रामीण क्षेत्रमा देखिएको खानेपानीको चरम अभावलाई तत्काल सम्बोधन गर्नु जसपा नेपालको माग छ।

# मधेशका विद्यालयमा नर्स कार्यक्रमः नीति अब्बल, कार्यान्वयन फितलो



सपना कर्ण

पाँच वर्षअघि मधेश प्रदेश सरकारले ल्याएको 'सामुदायिक विद्यालयमा नर्स कार्यक्रम' को कार्यान्वयन पछिल्लो समय फितलो हुँदै गएको छ। प्रदेश सरकारले कानून बनाएरै ल्याएको 'विद्यालयमा नर्स' अब्बल कार्यक्रम रहे पनि प्रदेश सरकार भने यसको कार्यान्वयनमा कमजोर देखिएको छ। प्रदेशमा स्वास्थ्य मन्त्री फेरिएपच्छि विद्यालयमा नर्स कार्यक्रमले प्राथमिकता नपाएको तथ्यांकले देखाउँछ।





कानुन बनेको ५ वर्षमा मधेश प्रदेश सरकारले हालसम्म २७ वटा सामुदायिक विद्यालयमा मात्र नर्स खटाएको छ। सबै सामुदायिक विद्यालयमा नर्स नहुदा विभिन्न खालका विद्यार्थीहरुको स्वास्थ्यजन्य समस्याहरुमा समेत अप्ठ्यारो हुदैं आएको छ। गत मंगलबार धनुषाको सबैला नगरपालिका–२ स्थित रामप्रसाद माध्यमिक विद्यालयमा अत्याधिक गर्मीले विद्यार्थीहरु कक्षाकोठामै बेहोस भए। विद्यालयका अनुसार गर्मीका कारण बिभिन्न कक्षामा अध्ययनरत्त २० जना विद्यार्थी बेहोस भएका थिए। जसमध्ये ३ जनालाई उपचारका लागि अस्पतालमै भर्ना गर्नुपर्यो। विद्यालयमा तत्काल नर्स उपलब्ध भएको भए विद्यार्थीहरुलाई स्वास्थ्य उपचारमा सहज हुने विद्यालयका शिक्षकहरु बताउँछन्।

प्रदेशका ८ वटै जिल्लामा १० जना नर्स सामुदायिक विद्यालयमा खटाउने योजना सरकारको थियो। जुन कि अपर्याप्त रहेको छ। जिल्ला भरि सामुदायिक विद्यालयको संख्या ८९ छ तर, अहिले जिल्लापिच्छे एकजना नर्स मात्र नियुक्त गरिएको हुँदा कार्यक्रम प्रभावकारी हुन सकेको छैन्। तत्कालिन समाजिक विकास मन्त्रालयले विद्यालय स्वास्थ्य तथा नर्स सेवा परिचालन–०७७ कार्यविधि नै तयार गरेको थियो। तर, आर्थिक वर्ष २०७८–७९ मा सरकारले आफै कार्यान्वन गरेका यस कार्यक्रमका लागि बजेट नै विनियोजन गरेन्। जनता समाजवादी पार्टी नेपालका नेता सरोजकुमार यादव नेतृत्वको सरकार फेरिए पनि जनमत नेतृत्वको सरकारले पनि यो कार्यक्रमका लागि दुई आर्थिक वर्षमै बजेट राखेनन्। 'आर्थिक वर्ष २०७५–७६ मा नियुक्त गरिएको २७ जना नर्स अहिले सम्म छन। अब साउन पछि थप भर्नाका लागि तयारी थालिने छ' शिक्षा निर्देशनालयका सूचना अधिकारी उद्धव राय यादवले जानकारी दिए। विद्यालयमा नर्स कार्यक्रम हाल शिक्षा तथा संस्कृति मन्त्रालयअन्तर्गत छ। स्वास्थ्य सम्बन्धी ऐनको दफा ५८ को बुदा नं.(१) मा प्रदेशभित्रका सामुदायिक विद्यालयमा छात्रालाई महिनावारीका समयमा हुनसक्ने संक्रमण, स्वास्थ्यसम्बन्धी सरसफाइ, यौन तथा प्रज्जन्न स्वास्थय, मनो स्वास्थ्य सचेतना, पोषण, प्राथमिक उपचारलगायत स्वास्थ्य शिक्षा दिने अनिवार्य महिला स्वास्थ्यकर्मी (नर्स) राख्नुपर्ने व्यवस्था छ।

तर, यो सेवाबाट प्रदेशकै राजधानी जनकपुरको एकमात्र छात्रा विद्यालय सकल भवन कन्या उच्च मावि वञ्चित छ। '१० महिनादेखि विधालयमा नर्स पदपुर्ति हुन सकेको छैन,' कन्या माविका एक कर्मचारीले भने, 'विद्यालयमा नर्स नहुदा समान्य समस्यामा पनि अस्पताल पु¥याउनु परेको छ।' गजब के छ भने, कन्या मावि र प्रदेश सरकारको शिक्षा मन्त्रालय रहेको दूरी एकसय मिटर पनि छैन। 'पहिला एकजना नर्स खटिएको थियो। तर उनी स्थायी भएपछि यहाँबाट हिँड्नुभयो,' कन्या माविका ती कर्मचारीले भने, 'त्यसपछि प्राध्यानाध्यापक र वडाध्यक्षको विवादले नर्सको पदपूर्तिमा ढिलाइ भयो। नयाँ प्रअ आउनुभएको छ, अब प्रकृया अगाडि बढ्छ।' विद्यालयमा नर्स नहुदाँको पीडा र समस्या विद्यार्थीले भने खेपिरहेको छ। कन्या माविकी कक्षा १० मा पढ्ने रविना खातुन नर्स नहुदाको समस्या यसरी सुनाइन्, '१० महिनादेखि विद्यालयमा नर्स छैन। महिनावारी समयमा नहुदा समस्या छ। यही समस्या लिएर चिकित्सक काहा" जान चाहिदैँन। विद्यालयमै नर्स भएको भए आफ्नो समस्या साझा गर्न मन थियो।'



महिनावारीको बेला विद्यालय नआउने, विद्यालयमै महिनावारी हुँदा प्याड माग्न लाज लाग्नेलगायतका समस्या रहेको कन्या माविका प्राध्यानाध्यापक उमाकृष्ण लाल कर्णले बताए। 'छात्रामा मनोस्वास्थ्यका समस्या बुभ्mन हामीलाई पनि अप्ठ्यारो लाग्छ,' कर्णले भने, 'विद्यालयमा त झन् ५ सयजना छात्रा मात्र छ। विद्यालयमा नर्स नभए नहुने भाको छ।' तर, कुन कारणले विद्यालयमा नर्सको पदपूर्ति नगरिएको हो भन्ने उनलाई पनि जानकारी छैन। प्रअ कर्णले तत्कालका लागि वडा कार्यालयबाट नर्स खटाइदिन आग्रह गरिएको जानकारी दिए।

तराई–मधेशमा बढेको अत्याधिक गर्मीका कारण सर्वसाधारणलगायत विधार्थी पनि मारमा परेका छन। गर्मीका कारण विद्यार्थीलाई आँखा पोल्ने, टाउको दुख्ने, रिंगटा चल्ने, पखाला लाग्ने र बेहोस हुने समस्या देखिएको छ। विद्यालयमा नर्स हुँदा विद्यार्थीमा देखिने यी समस्या समान्यअवस्थामा नै समाधान हुने गरेको उदाहरण पनि छ। जनकपुरको बसहियामा रहेको गोगलप्रसाद माविमा मंगलबार विद्यार्थीहरुमा यस्ता समस्या देखिएको थियो। तर, त्यहाँ उपलब्ध रहेको नर्सले विद्यार्थीको प्राथमिक उपचार गरेर ठूलो जोखिमबाट जोगाए। 'विद्यालयमा नर्स हुदाको भने फाइदै–फाइदा छ। विद्यार्थीको नियमित स्वास्थ्य जाँचसँगै शिक्षक–कर्मचारी पनि त्यसको लाभ लिइरहेका छन्,' गोगल माविका शिक्षक अनिल लाल कर्णले भने, 'दिवा खाजामा पौष्टिक आहारको निगरानीलगायत किशोरीको मनो–स्वास्थ्य बुझन र यौन प्रजन्नका विषयमा समेत जानकारी दिन विद्यालयमा नर्सको भूमिका हुन्छ।' जनकपुरको संकटमोचन देवशरण रामरती माविमा पनि प्रदेश सरकारले नर्स उपलब्ध गराएको छ। जसले गर्दा त्यहाँ पनि धेरै सहज भएको छ। 'हामी सँगै पढ्ने केटा साथी पनि छन्। उनीहरुलाई केही समस्या परे सिधै सरसित कुरा राख्छन्। हामी सक्दैनौँ,' कक्षा १० मा पढ्ने आशाकुमारी साहले भनिन्, 'तर, अहिले नर्स दिदीसित सबै कुरा राख्न सजिलो भएको छ। नर्स दिदीले कक्षाकोठामै आएर हरमोन्स परिवर्तन, गुड टच, ब्याड टच, महिनावारीका समयमा कसरी सरसफाइ गर्ने, पोषणयुक्त खानेकुरा, शारिरीक ब्यायमलगायत औषधीको जथाभावी सेवनले हुने खराबीका बारेमा जानकारी दिनुहुन्छ।'

# घाजिरबाट शुरु भयो सुर्मा जात्रा

नरेन्द्रसिंह कार्की

अपि हिमाल गाउँपालिका–३ घाजिरबाट सुर्माभवानीको (जात्रा) आजदेखि औपचारिक रूपमा शुरु भएको छ। प्रत्येक जोर वर्षमा सुर्मा भवानीको जात्रा गर्ने परम्पराअनुसार औपचारिक रूपमा आजदेखि यस वर्षको जात्रा शुरु भएको हो।

जातका विशेष आकर्षणका रूपमा रहने 'बिरे'हरू परिवारबाट छुट्टिएर औँसीबाट बसेका हुन्। 'बिरे' भन्नाले सुर्माभवानीको जातका लागि दिनमा एकछाक खाने, मुहानको पानीमा हरेक दिन दुईचोटी नुहाउने, खाली खुट्टा हिँड्ने, रुद्राक्षको माला लगाएर बिहानबेलुका शंख बजाउँदै पूजा आराधना गर्ने व्यक्तिलाई भनिन्छ।

'सुर्मासम्म जाने बिरेहरूलाई दुई भागमा विभाजन गरिएको हुन्छ। पहिलोचोटी सुर्मासरोवरको यात्रामा सहभागी हुने बिरेलाई बालोबिरे भन्ने गरिन्छ। बालोबिरेहरू कडा सामाजिक अनुशासनमा बस्नुपर्ने हुन्छ। त्यस्तै एकचोटी पहिले यात्रामा सहभागी भइसकेको व्यक्तिलाई बुढोबिरे भनिन्छ,' अपि हिमाल गाउँपालिका अध्यक्ष भक्तसिंह ठेकरे बोहराले भने। औँसीदेखि १७ दिनसम्म र रतेडीदेखि सात दिनसम्म प्रत्येक दिन विशेष पूजाआराधान गरी यो जात्रा मनाइने प्रचलन रहेको उनले जानकारी दिए। उनका अनुसार यो जात्रा अपि हिमाल गाउँपालिकाको अन्तिम गाउँ क्षति र घाजिर गाउँमा मनाइन्छ।

यो जात्रामा सुर्मा भवानीको विशेष चेलाहरू हुन्छन्, जसलाई 'बिरे' भनिन्छ। बिरेको रूपमा सुर्मा सरोवरको यात्रामा बझाङस्थित सुर्मा सरोवर जाने गर्दछन्। उता बझाङ सुर्मा गाउँपालिकाबाट सिकारीको भेषमा सुर्मा सरोवर यात्रामा आउने गर्दछन्। यो जात्रा नेपालकै फरक तथा मौलिक रूपमा लिने गरिएको अध्यक्ष बोहराले बताए। उनका अनुसार बिरेहरू स्थानीय विशेष पहिरनसहित खाली खुट्टा गाउँपालिकाका विभिन्न गाउँबाट घाजिर र क्षति गाउँ पुग्ने गर्छन्। क्षतिबाट २४ दशमलव पाँच किलोमिटर टाढा बझाङको सिमानामा पर्ने सुर्मासरोवर पुगेर फर्किन्छन्।

सुर्मासरोवरमा देवीको आराधना गरी तलाउको माटोलाई प्रसादका रूपमा लिएर फर्कन्छन्। बिरेहरू सुर्मासरोवर जाँदा कापुचुली हिमालको आधार शिविर हुँदै पाँच हजार मिटरको उचाइबाट हिँड्ने गर्छन्। त्यसपछि कालीगाड हुँदै अर्को पाँच हजार मिटर पार गरेर ओडार बस्नुपर्छ। दोस्रो दिन सरोवर पुगी पुनःबिरे ओडारमा बसी अर्को दिन क्षति गाउँ फिर्ता हुने चलन रहेको अपिहिमाल गाउँपालिका–४ का स्थानीय कमलसिंह धामीले जानकारी दिए।

फर्किंदा उनीहरूले ब्रह्म फूलको माला पहिरनसहित फर्किने गर्छन्। अपि हिमाल–४ खण्डेश्वरीका ज्येष्ठ नागरिक बहादुर ठेकरेका अनुसार करिब ११औँ शताब्दीदेखि सुर्माभवानीको जात निरन्तर रूपमा चल्दै आएको छ। पूजाका लागि उच्च हिमाली क्षेत्रमा कठोर यात्रा गर्दै सुर्मासरोवर पुगेर हरेक जोड वर्ष ठूली जात (जात्रा) मनाउने चलन चल्दै आएको उनले बताए। यो पूजा धार्मिक रुपमा निकै कष्ठकर छ। सुर्माभवानीले निर्माण गरेको भनिएको सुर्मासरोवर धार्मिक, सांस्कृतिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण मानिन्छ। यो समुद्री सतहबाट चार हजार ३ सय मिटरको उचाइमा छ।

'सुर्मासरोवरसम्मको यात्राका क्रममा खाली खुट्टा हिँड्ने गरिन्छ। कसैकसैले भाङको दोचा लगाएर जाने गर्छन्,' ठेकरेले भने, 'स्थानीयहरू प्रायः खाली खुट्टै हिँड्ने गर्छन् भने अन्य जत्तोर (जात्रामा जाने) हरूले दोचा लगाउने अनुमति पाउँछन्। यो जात्रामा टाउकामा टोपी र सउल अनिवार्य मानिन्छ।'

घाजिर पुगेका बिरे र जत्तोर (भक्तजन)ले सुर्मादेवीका विभिन्न फाग, माङ्गलहरू गाउँदै देउडा खेल्दै राम रमिता गरिन्छ। त्यसलाई 'रतेडी' भनिन्छ। यो मेला धार्मिक र पर्यटकीय मात्रै नभई सांस्कृतिक हिसाबले पनि जिल्लाकै महत्वपूर्ण मेला हो। जनावरको छालाबाट बनाएका परम्परागत ढाका (एकप्रकारको बाजा) बजाउँदै गरिने दुर्लभ नृत्य, डाँफे नाच, महिलाको समूहले खेल्ने 'चाहा' खेललगायतका दुर्लभ दृश्यहरू जात्राको बेला हेर्न पाइन्छ। सुर्मा क्षेत्रको सुन्दरता र धार्मिक सांस्कृतिक हेर्नका लागि विभिन्न ठाउँबाट ठूलो सङ्ख्यामा मानिस सुर्मा जात्रामा सहभागी हुने गर्छन्।

यसरी बित्छ जात्राका सात दिन

पहिलो दिन जात्राको विधिवत् शुरुआत औँसीको दशौँ दिनदेखि गरिन्छ। यो दिनलाई 'रतेडी' भनिन्छ। उवादेशी यात्रीहरू पहिलो दिन क्षतिमा जम्मा हुन्छन् भने उनादेशी, जत्तोर र बाइदेशीहरू घाजिरमा जम्मा हुन्छन्। राति सुर्माभवानीको मण्डपमा जम्मा भएर सबै देवीदेवताको पूजाआजा गरी धामीहरू काप्ने र रङ्गीचङ्गी गर्ने (रमाइलो गर्ने) अथवा देउधमेउलो पूजापाठ गर्ने गरिन्छ।

देउधमेउलो सकिएपछि देवी सुर्माभवानीको चैत गाउने चलन छ। त्यसपछि भाडिखेल लगाउने गरिन्छ। बालोवीरे र बूढोवीरे सबैले सुर्मासरोवर जाँदा वीरेलौरो बोक्नुपर्दछ। यो लौरो बूढोबिरे र बालोबिरेको भिन्नभिन्न बनाइएको हुन्छ। उवादेशी तथा उनादेशीले छ फिट लामो निङ्गालाको लौरा बोक्नुपर्छ र बाइदेशीले चार दशमलव पाँच फिटको लौरो बोक्नु पर्दछ। जात्रालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न एक जना मुला अथवा जात्राको मूली नेतृत्व हुन्छ। त्यसको लौरो सात दशमल पाँच फिटको हुन्छ। यो लौरालाई लाकुरी लौरो वा वीरेलौरो भन्ने गरिन्छ।

'जात्राको दोस्रो दिन घाजिरबाट यात्रु क्षति गाउँ जाने गर्छन्। यो जात्रामा जुत्ता लगाउने, छाता ओढ्न पाइँदैन। भाँगोको दोचा (जुत्ता) बनाएर लगाउने गरिन्छ। यो दिन बिरेहरू तथा यात्रुहरू ढाको (बाजा) बजाएर चाँहै (स्थानीय भाषाको गीत) खेल्दै जाने गर्दछन्। जात्रा शुरु हुँदा क्रमबद्ध शुरुमा निशान (झण्डा) त्यसपछि धामीझाँक्री) ढाके, पुजारी, मुला र बिरेहरू जाने गर्छन्। घाजिरबाट गएका यात्रुलाई स्वागत गर्न क्षतिबाट पनि बाजागाजासहित देउताको नाचगानसहित जयजयकार गर्दै आउने गर्छन्। उनीहरूको क्षतिको काना ढुँ–ढुँ भन्ने ठाउँमा भेट गर्ने परम्परा छ,' ज्येष्ठ नागरिक ठेकरेले भने।

जात्राको तेस्रो दिन बिरेहरू सुर्मासरोवरको यात्रामा हिँड्छन्। बिरेहरूलाई भवानीको भक्तको रूपमा स्थानीय भेषमा सिङ्गारपटार गरेर बिदाइ गरिन्छ। बाजागाजासहित सम्पूर्ण यात्रुहरूले तीर्थ जाने बिरेहरूलाई अक्षतापाति चढाएर बिदाइ गर्दछन्। बिरेहरूलाई आधा बाटोसम्म ढाके, धामी तथा बिरेका लागि सहयोगीहरूले आधा बाटोसम्म पु¥याउने चलन रहेको उनले जानकारी दिए।

बिरेहरूले विशेष खाजा साकार गेडी बनाएर लिने गर्दछन्। जाँदा बाटोमा सुर्माभवानीको जयजयकार गर्दै उचेडा गाउने गर्छन्। यो यात्रामा मुलाको निर्देशनबमोजिम अगाडि बढ्नु पर्दछ। यात्राको शुरुआत क्षतिबाट हुन्छ र अग्निखाना, धरमघर, लड्डु चढाउन, बिरेफट्टा ठडिउल, दुवै हुँदै बिरे ओडारमा गएर बास बस्छन्। यता बिरेहरूलाई बिदाइ गरेपछि क्षतिमा विभिन्न देवीदेवताको चैत, भाडिखेल, ढुस्को, डेउडा खेल्ने गरिन्छ भने ढाको बजाएर चाँहै खेल्दै रमाइलो गर्दछन्।

चौथो दिन सुर्माभवानीको जात्राको यो दिन सबैभन्दा महत्त्वपूर्ण मानिन्छ। अघिल्लो दिन उच्च हिमाली क्षेत्रमा करिब २० किलोमिटर खाली खुट्टा हिँडेर ओडारमा भोकभोकै बसेका बिरेहरू बिहान स्नान गरेर सुर्मासरोवरका लागि हिँड्छन्। बिरे ओडारबाट केही घण्टाको यात्रा सर्वाधिक कठिन हुन्छ।

यसक्रममा चार हजार मिटरको उचाइमा पुगेपछि घुँडा र कुइनोले टेक्दै हिँड्नुपर्छ। यसरी हिँड्दा दायाँबायाँ कतै हेर्न मिल्दैन। बाटोमा आँखा अगाडि देखापर्ने हरेक ढुङ्गामा हरियो झार राख्दै देवीको नाम जप्दै हिँड्नुपर्छ। घुँडा र कुइनो टेकेर हिँड्दा मुखमा हरियो घाँस राख्नुपर्ने नियम छ। सरोवर नजिक पुग्दा करिब ३०० मिटरभन्दा बढी हात र खुट्टाले घिस्रेर हिँड्नुपर्छ। देवीलाई खुसी पार्न र आफूले गरेका गल्ती कमजोरीप्रति माफी माग्दै यसरी हिँड्ने चलन रहेको मुला हरिमल मन्यालले जानकारी दिए।

'मुखमा घाँस राखेर माफी याचना गर्ने र अगाडि देखिने ढुङ्गालाई देवताको प्रतीकका रूपमा घाँसले पूजा गर्ने चलन छ। तलाउको किनारमा पुगेपछि बिरेलौरो पानीमा डुबाएर अर्पण गरिन्छ। त्यसपछि देवीलाई चढाउन लगेको चाँदीको सानो काइँयो, सुनको टिलो (टुक्रो), सिक्का तथा अन्य चिनाबाना तलाउमा चढाइन्छ। तलाउको किनारमा श्राद्ध गर्ने, पिण्डदान गर्ने कामसमेत हुन्छ। केही घण्टासम्म चल्ने देवीको पूजापछि तलाउको माटोलाई 'गङ्गामाटी'का रूपमा थैलीमा भरेर ल्याउने गरिन्छ,' उनले भने।

दार्चुलातर्फका बिरेहरूले बिदाइ गरेपछि मात्र बझाङतर्फको समूह तलाउमा आएर स्नान गर्न पाउँछन्। बझाङबाट आउने तीर्थालुहरू तालमा भाला हान्दै, होहल्ला गर्दै आउने गर्छन्। सरोवरबाट फर्किएर बिरेहरू त्यो साँझ पुनः ओडारमै बस्छन्। त्यसपछि हरेक बिरेहरूबाट घिउ, तेल, पिठो सङ्कलन गरेर पुरी पकाउँदै रातभरि भोज गरिन्छ। तेस्रो दिन दिउँसो मात्र खाना खाएका बिरेहरूले चौथो दिन राति करिब २२ घण्टापछि खान पाउँछन्।

पाँचौँ दिन यात्रीहरू बिरेओडारबाट बिहानै हिँड्छन्। फर्किंदा भने जाने बेलाको जस्तो कठोर नियम पालना गर्नुपर्दैन। आआफ्ना समूहमा, आआफ्ना सुविधाअनुसार फर्किन पाउने मन्यालले बताउनुभयो। त्यसपछि सबैजनाले बिरफट्टो भन्ने ठाउँमा आएर जम्मा हुनुपर्छ। साढे चार हजार मिटरको उचाइमा यहाँ बिरेदौडको आयोजना गरिन्छ। उकालोमा करिब २०० मिटरको दौडमा बालाबिरेहरू मात्र सहभागी हुन पाउँछन्। दौड जित्नेले मुलाबाट अबिरको टीका पाउँछन् भने विजेतालाई मुलासँगै हिँड्ने अधिकार प्राप्त हुन्छ।

बिरेदौड सम्पन्न भएपछि क्षतितर्फको ओरालोमा बालाबिरेहरूले ब्रह्मकमल फूल टिप्ने गर्छन्। साढे चार हजार मिटरको उचाइमा लटरम्म फुलेको ब्रह्मकमल फूल टिपेर माला साट्न बगरमा फूलहरूको माला गाँस्ने काम हुन्छ। ब्रह्मकमललाई स्थानीयहरू ब्रह्मकोइला पनि भन्ने गर्छन्। शरीरभरि ब्रह्मकमलको फूल लगाएर साँझ पर्नेबेलामा क्षतिगाउँतर्फ अघि बढ्छन्।

क्षति गाउँमा बिरेहरूको भव्य स्वागत हुन्छ। सरोवरबाट ल्याएको गङ्गामाटी निधारमा लगाउँदै आफन्तसँग खुसियाली मनाइन्छ। त्यो साँझ बिरेहरूलाई घरघरमा लगेर खुवाउने गरिन्छ। यो दिन क्षति गाउँका जुनसुकै घरमा जोसुकै गएर पनि खान र बस्न पाउने छुट हुन्छ। सरोवरबाट आउने बिरेहरूलाई देवीका अवतार मानेर घरघरमा भित्र्याउने चलन रहेको मन्यालले जानकारी दिए।

जात्राको छैठौँ दिन सबै तीर्थयात्रु बिरेहरू र यात्रुहरू घाजिर जाने गर्दछन्। यो दिन जात घाजिरमा पुगाउने गरिन्छ। यो दिन पनि सबै बिरेहरू, धामी, पुजारी, ढाके तथा सबै यात्रुहरू बाजा बजाउँदै नाचगान गर्दै, चाँहै खेल्दै घाजिर पुग्ने गर्दछन्। घाजिरबाट पनि भव्य स्वागत गरिन्छ र सुर्माभवानीको मण्डपमा पूजाआजा गरेर घरघरमा खाना खाएर कोही त्यही बस्दछन् भने क्षतिका बिरेहरू, धामी पुजारी तथा यात्रीहरू त्यसैदिन राति क्षति फर्कन्छन् भने घाजिरमा रातभरी भाडिखेल डेउडा खेल्दै रमाइलो गर्दै बिताउँछन्।

सातौँ दिन उवादेशी अथवा क्षति गर्खाका समुदायमा बस्ने बासिन्दाहरूले आफ्नो जेठो छोराको छैठ दिने चलन रहेको जनाउँदै मन्यालले यो दिन आफ्ना इष्टमित्रहरू बोलाएर भोज खुवाउने प्रचलन रहेको उल्लेख गरे। त्यसदिन छैठ दिनेले अनिवार्य कालीदेवीको मन्दिरमा बलि दिने चलन छ। किंवदन्तीअनुसार पहिला त्यस मन्दिरमा आफ्नो जेठो छोरा वा छोरीको बलि दिने गरिन्थ्यो तर अहिले त्यसको सट्टा बोकाको बलि दिने चलन रहेको छ। यस दिन छैठका गीतहरू गाउने चलन छ। छैठसँगै हरेक तेस्रो वर्ष लाग्ने सुर्माभवानीको ठूलो जात्रा औपचारिक रूपमा समापन हुन्छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# संविधान र लोकतान्त्रिक प्रणाली नमान्नेले संसद्मा अवरोध गरिरहेका छन्ः प्रधानमन्त्री




**काठमाडौं ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान र लोकतान्त्रिक प्रणाली नमान्नेहरुले संसदमा अवरोध गरिरहेको बताएका छन ।
पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठद्वारा लिखित 'लोकतन्त्र र जनअभिमतः नेपालको निर्वाचन इतिहास' पुस्तकको लोकार्पण गर्दै प्रधानमन्त्री ओलीले प्रतिनिधिसभाका बैठकहरुमा राष्ट्रिय स्वतन्त्र पार्टीको लगातारको अवरोध र बहिष्कारलाई सङ्केत गर्दै संविधान र कानुनभित्र रहेर स्वतन्त्रपूर्वक आफ्ना कुरा राख्न पाएको अवस्थामा पनि व्यवस्थाभित्रै छिरेर व्यवस्थाविरुद्ध आगो लगाउन खोज्ने प्रवृत्ति गलत भएको टिप्पणी गरे ।
प्रधानमन्त्री ओलीले लोकतान्त्रिक प्रणाली आफैँमा गलत नभएको तर यसलाई कार्यान्वयन गर्ने प्रक्रियाका सन्दर्भमा कतिपय गलत प्रवृत्ति रहेकाले प्रक्रियामा देखिएका कमीकमजोरी सुधार्नुपर्नेमा जोड दिए ।
'लोकतान्त्रिक प्रणालीमा सरकार जिम्मेवार हुन्छ र जनताप्रति उत्तरदायी हुन्छ । यस प्रणालीमा सरकार शासक हुँदैन, व्यवस्थापक र सेवक मात्रै हुन्छ', प्रधानमन्त्री ओलीले भने, 'हाम्रो ध्येय सुशासन र समृद्धि हो । कोही पनि अराजक भएनन् भने सरकारले कानुन लगाइरहन पर्दैन । अराजकता देखिएमा त्यसलाई कानुनले आफ्नो बाटो लिनुपर्ने हुन्छ ।'
प्रधानमन्त्री ओलीले नेपालको निर्वाचन प्रणाली खर्चिलो भएको र उम्मेदवारहरुले सीमाभन्दा बढी खर्च गर्ने गरेको सन्दर्भमा वक्ताहरुले गरेका टिप्पणीको प्रतिवाद गर्दै प्रधानमन्त्री ओलीले आफ्नो अनुभवमा त्यस्तो नभएको स्पष्ट गरे ।
उनले आफू विगतमा गृहमन्त्री र प्रधानमन्त्री हुँदा पनि स्वच्छ निर्वाचन व्यवस्थापनका लागि निर्वाचन आयोगलगायत निकायलाई कुनै हस्तक्षेप नगरेको स्मरण गर्दै गरे ।
कार्यक्रममा प्रा डा विपिन अधिकारी, मोहना अन्सारी र डा गोपालकृष्ण शिवाकोटीले समीक्षा गरेको थियो । रासस

# बजेट कार्यान्वयनसम्बन्धी मन्त्रालयगत छलफल शुरु

**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनका लागि अर्थ मन्त्रालयले विषयगत मन्त्रालयसँग छलफल थालेको छ । बजेट कार्यान्वयनबारे आईतवार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग छलफल भएको उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको सचिवालयले जनाएको छ ।
चालु आर्थिक वर्षको बजेटमा राखिएका मन्त्रालयगत योजना तथा कार्यक्रम कार्यान्वयनकालागि आवश्यक कानूनी, प्रक्रियागत र व्यवहारिक तयारी थाल्नेबारे छलफल भएको हो । उद्योग मन्त्रालयको बजेटमा परम्परागत सीप, कला र पेशाको संरक्षण गर्दै रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्न भगत सर्वजित उद्यमशिलता कार्यक्रम विकास कार्यक्रमअन्तर्गत आधुनिक प्रविधिको हस्तान्तरण र तालिमसँगै उत्पादित वस्तुलाई बजारसँग जोडेर अघि बढ्ने विषय राखिएको थियो ।
त्यस्तै, उपत्यकामा सञ्चालित उद्योगलाई उपत्यका बाहिरका औद्योगिक क्षेत्रमा स्थानान्तरण गरी राजधानीको प्रदूषण नियन्त्रण गर्ने र स्थानान्तरण हुने उद्योगलाई विशेष सहुलियत दिनेबारे पनि आजको बैठकमा छलफल भएको छ ।
भारत, चीनलगायत अन्तरराष्ट्रिय समुदायले मान्यता दिने गरी नेपालमा अन्तरराष्ट्रियस्तरको गुणस्तर प्रयोगशाला स्थापना गर्ने विषयमा पनि छलफल भएको जनाइएको छ । त्यस्तै, मकवानपुरको मयुरधाप, चितवनको शक्तिखोरमा आधुनिक औद्योगिक क्षेत्रको निर्माण लगायतका विषयमा पनि छलफल भएको हो ।
बैठकमा अर्थमन्त्री पौडेल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी, अर्थसचिव घनश्याम उपाध्याय, राजस्व सचिव दिनेशकुमार घिमिरे, उद्योग सचिव डा रामप्रसाद घिमिरे लगायत उपस्थित थिए ।चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि सबै विषयगत मन्त्रालय र विभागहरुसँग क्रमश छलफल गर्ने तयारी अर्थ मन्त्रालयले गरेको छ ।रासस

# सभामुख घिमिरे स्वदेश फिर्ता



**काठमाडौँ ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे स्वीट्जरल्याण्डको जेनेभामा सम्पन्न संसद्का सभामुखहरूको छैटौँ विश्वसम्मेलनमा सहभागिता जनाएर स्वदेश फिर्ता भएका छन ।
सभामुख घिमिरे अन्तर व्यवस्थापिका सङ्घ र संयुक्त राष्ट्रसङ्घद्वारा संयुक्त रूपमा आयोजित संसद्का सभामुखहरूको छैटौँ विश्व सम्मेलनमा सहभागी हुन यही साउन ११ गते जेनेभा प्रस्थान गरेका थिए ।
आईतवार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा सभामुख घिमिरेले उक्त सम्मेलनमा गरिबीले पछाडि परेका मुलुकहरुलाई कसरी अगाडि बढाउन सकिन्छ ? आइरहेका चुनौती कसरी समाधान गर्न सकिन्छ? शासनसत्ता सञ्चालनमा विधि कसरी बनाउन सकिन्छ ? सरकार सञ्चालन सकिन्छ भन्ने विषयमा छलफल भएका जानकारी दिए ।
उनले भने, 'अहिले डिजिटल क्षेत्रमा भइरहेका प्रगतिले पार्नसक्ने प्रभाव, यसलाई सरकारले लिनुपर्ने नीति, यसलाई प्रभावकारी ढङ्गबाट कसरी लैजान सकिन्छ ? विश्व राजनीतिक क्षेत्रमा देखा परिरहेका द्वन्द्वहरु असमानतालाई कसरी समाधान गर्न सकिन्छ भन्ने विषयमा छलफल भयो ।'
यही साउन १४ देखि १७ गतेसम्म स्वीट्जरल्यान्डको जेनेभामा आयोजना भएको सम्मेलनका क्रममा उनले संयुक्त अधिराज्य बेलायत, स्वीट्जरल्यान्ड, माल्टा, इजरायल, भुटानलगायत मुलुकका सभामुखसँग द्विपक्षीय भेटघाट गरेको जनाइएका छन ।रासस

# नयाँ विद्रोहको तयारीमा छुःप्रचण्ड



**काठमाडौं ।**
नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले शान्ति सम्झौतामा आउँदादेखि अहिलेसम्म माओवादी पार्टी विभाजनको लागि अनेक षड्यन्त्रहरु भइरहेको बताएका छन् ।
आइतबार 'बोल्ले हत्याकाण्ड' दोलखाको स्मृति सभा कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रतिक्रियावादीहरुले पार्टीलाई पटक–पटक विभाजन गर्नको लागि अनेक षड्यन्त्रहरु गर्ने र जालझेलहरु भइरहेको बताए ।
उनले भने,'हामी शान्ति सम्झौतामा आउँदादेखि नै प्रतिक्रियावादीहरुले हाम्रो पार्टीलाई पटक–पटक विभाजन गर्नको लागि अनेक षड्यन्त्रहरु गर्ने,जालझेलहरु गर्ने र लगानी गर्ने जस्ता काम गर्दै आएका छन् ।' त्यस्तै उनले प्रतिक्रियावादीलाई परास्त गर्न एकपटक फेरि नयाँ विद्रोहको आवश्यकता रहेको बताउँदै त्यसको तयारी पार्टीले गरिरहेको बताए ।
उनले भने,'एकचोटि फेरि नयाँ आन्दोलन र विद्रोहले जन्म लिनेछ भन्ने विश्वाससहित हामी अगाडि बढ्दै छौ ।नयाँ खालको विद्रोहबाट प्रतिक्रियावादीलाई परास्त गर्नुपर्छ भन्ने संकल्पकासाथ हिडिरहेको छौं । मैले गर्ने प्रतिबद्धता पनि यही नै हो । र यसको तयारी पनि गरिरहेको छु ।'
उनलेसबै जिल्लामा हजारौंको संख्यामा सहिदहरुको रगत बगेको बताउँदै अध्यक्ष प्रचण्डले अहिले त्यसको महानता र कृतिलाई अपमानित गर्न ठूलो कसरत भइरहेको बताए । रासस

# उपत्यकाको यातायात व्यवस्थापनलाई सहज बनाउनुपर्नेमा जोड

**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले काठमाडौँ उपत्यका सङ्घीय राजधानी एवं सांस्कृतिक विविधता र सम्पन्नतायुक्त क्षेत्र भएकाले यहाँको यातायात व्यवस्थापनलाई सहज र सुविधायुक्त बनाउनुपर्नेमा जोड दिएका छन ।
आईतवार ललितपुरमा आयोजित काठमाडौँ उपत्यका सहरी यातायात प्रणाली गुरुयोजना परियोजनाको रणनीतिक वातावरणीय मूल्याङ्कनसम्बन्धी सरोकार भएकाहरूको बैठकलाई सम्बोधन गर्दै उनले काठमाडौँ, ललितपुर र भक्तपुर जिल्ला समेटिएको काठमाडौँ उपत्यका नेपालको आर्थिक, सांस्कृतिक र प्रशासनिक गतिविधिको केन्द्र रहे पनि यहाँको यातायात प्रणाली अव्यवस्थित रहेको बताए । उपत्यकाको यातायात प्रणालीलाई व्यवस्थित बनाउन निर्णायक कदम चाल्नुपर्ने उनको भनाइ छ ।
सन् २०१२ मा बनेको र सन् २०१७ मा अद्यावधिक गरिएको पछिल्लो गुरुयोजनायता यातायातको अवस्था बिग्रिनुका साथै बढ्दो सवारीसाधन, अव्यवस्थित सहरीकरण र अपर्याप्त पूर्वाधारका कारण ट्राफिक जाम, ढिलाइ र वायुप्रदूषण बढेको मन्त्री दाहालले उल्लेख गरे । सोही कारणले यातायातलाई मात्र नभई आर्थिक उत्पादकत्व र जनस्वास्थ्यमा समेत नकारात्मक प्रभाव पारिरहेकाले यसको व्यवस्थापनमा ढिलाइ गर्न नहुने उनले धारणा राखे ।
उनले भने, 'यदि हामीले अहिले पनि निर्णायक कदम नचाल्ने हो भने, अवस्था थप बिग्रनेछ, जसले उपत्यकाको वातावरण प्रतिकूल हुने र दिगोपनलाई खतरामा पार्नेछ । यो परियोजनामार्फ शीघ्र र दीर्घकालीन समाधान खोज्ने हाम्रो अन्तिम अवसर हुनसक्छ ।'
वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले उपत्यकाको यातायात व्यवस्थापनका लागि सहयोग र समन्वयका लागि मन्त्रालय तयार रहेको प्रतिबद्धता जनाए ।
भौतिक मन्त्रालयका सचिव केशवकुमार शर्माले काठमाडौँ उपत्यकाका लागि दिगो, सुरक्षित र समावेशी यातायात प्रणालीको व्यवस्थापन गर्दै बहुपक्षीय समन्वयको आवश्यकता औँल्याए । कार्यक्रममा सोकार भएका निकायका विज्ञहरूले अवधारणापत्र प्रस्तुत गरेका थिए । रासस

# बहुविवाहलाई छुट दिने कानुन रोक्न महिला सङ्घको आग्रह



**काठमाडौँ ।**
नेपाल महिला सङ्घले केही निश्चित परिस्थितिमा बहुविवाहलाई वैधता दिने प्रस्तावित कानुन गैरजिम्मेवारपूर्ण, प्रतिगामी तथा आपत्तिजनक रहेको ठहर गर्दै उक्त प्रस्ताव तत्काल रोक्नका लागि सरकारको ध्यानाकर्षण गराएका छन ।
सङ्घले आईतवार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियालाई ज्ञापनपत्र बुझाउँदै उक्त प्रस्तावले महिला अधिकारको क्षेत्रमा दशकौँदेखि प्राप्त उपलब्धिलाई नष्ट गर्ने र बहुविवाह प्रथालाई पुनःस्थापित गर्ने भएकाले तत्काल सोसम्बन्धी प्रस्ताव फिर्ता लिन आग्रह गरेको हो ।
'प्रस्तावित व्यवस्थामा 'कुनै पुरुषले वैवाहिकसम्बन्ध कायम रहेको अवस्थामा अन्य महिलासँगको शारीरिक सम्पर्कबाट शिशु जन्मिएमा त्यस्तो महिलासँग विवाह गर्न चाहेमा विवाह गर्न सक्नेछु' भन्ने प्रावधान राखिएको छ । जसले बहुविवाह जस्तो फौजदारी अपराधलाई वैधानिकता दिने स्पष्ट मनसाय राख्दछ', सङ्घले बुझाएको ज्ञापनपत्रमा उल्लेख छ ।
सङ्घले कानुन मन्त्रालयका उच्च अधिकारीको 'दोस्रो महिला र निजको बच्चाको अधिकार संरक्षणका लागि यो व्यवस्था ल्याइएको हो' भन्ने तर्कप्रति आपत्ति प्रकट गरेको छ ।
'यो तर्क केवल भ्रामक मात्र नभइ महिलाको आत्मसम्मान माथिको प्रहार हो', सङ्घले भनेको छ, 'पुरुषको विवाहेत्तरसम्बन्ध र गैरजिम्मेवारपनलाई कानुनी विवाहको नाम पहिराएर वैधता दिनु कुनै पनि दृष्टिकोणले न्यायोचित हुँदैन ।'
एकल महिला र निजका सन्तानको अधिकारको संरक्षण गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै सङ्घले यसको समाधान बहुविवाह जस्तो सामाजिक अपराधलाई कानुनी मान्यता दिनु होइन भनेको छ ।
कुनै पनि बहानामा यसलाई पुनःस्थापना गर्नु भनेको महिलाले अन्याय र समानताका लागि गरेको लामो र कठिन सङ्घर्षप्रतिको विश्वासघात हुने सङ्घले जनाएको छ ।
'हामी सङ्घीय सरकारलाई यो गलत मनसायले प्रेरित महिलाविरोधी र प्रतिगामी प्रस्ताव तत्काल फिर्ता लिन जोडदार माग गर्दछ', सङ्घले भनेको छ, "सरकारले समानताको आधारभूत सिद्धान्तसँग सम्झौता नगरी सबै महिला तथा बालबालिकाको अधिकार संरक्षणका लागि न्यायपूर्ण र समतामूलक समाधान खोज्न महिला अधिकारकर्मी सङ्घसंस्था र नागरिक समाजसँग अविलम्ब अर्थपूर्ण संवादमा संलग्न हुन आग्रह गर्दछौँ ।'रासस

# विदेशिएकाहरु क्षमताविकास गरेर फर्किनुहोलाः परराष्ट्र मन्त्री




**काठमाडौं ।**
परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले विदेशिएका नेपाली विद्यार्थीहरुलाई स्वदेश फर्किन आग्रह गरेकी छिन् ।
विदेश जानचाहने विद्यार्थीलाई रोक्न नसकिए पनि क्षमता विकास गरेर स्वदेश फर्किन आग्रह गरेकीहुन् ।
महाराजगंज नर्सिङ क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनले आइतबार आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्दै मन्त्री राणाले ६२८ उत्तिर्ण भएका नर्सहरुमध्ये ५०५ विदेश गएको भन्दै उनले क्षमता विकास गरेर स्वदेश फर्किन आग्रह गरेकी हुन् ।
महाराजगंज नर्सिङ क्याम्पसले विश्वविद्याल यअनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्युएए) हाल सम्म प्राप्त गर्न नसकेको सुन्दा अचम्मलागेको पनि उनले बताइन् । 'अझैपनि यो क्याम्पसले क्युएए प्राप्त नगरेको भन्ने सुन्दा अचम्म लागेको छ । यस विषयमा आज क्याविनेटमा राख्नेछु ।यो क्याम्पसले आजसम्म कुनैपनि क्वालिटीनपुगेको भन्ने मलाई लाग्दैन । कुनैपनि आफ्नो पर्सनल रिसिभी, राजनीतिक प्रतिशोधको कारणयत्रो क्याम्पसले क्युएएन पाउनु राम्रो कुरा होइन । कि त कारण भन्न सक्नुपर्यो कि त कारण दिनसक्नु पर्यो ।'
यसैगरीमन्त्री डा. राणाले वर्तमान स्वास्थ्य सेवा प्रणालीमा सुधार ल्याउनका लागि यस्तो संवेदनशील सेवामा समर्पित नर्सहरूलाई प्रोत्साहन, सेवाको सुरक्षा, समयानुकुल तालिम र प्राविधिक संशोधन उपलब्ध गराउनुपर्नेमा जोड दिइन् ।
मन्त्री डा राणाले भनिन्, 'नर्सहरूको भूमिकालाई स्वास्थ्य सेवकका रुपमामात्र सीमित नराखी एक प्रशिक्षित स्वास्थ्यअभियन्ताका रुपमाविकास गर्नुपर्दछ । नेपालमा समावेशी, पहुँचयोग्य र गुणस्तरीय स्वास्थ्य सेवा प्रणालीका लागि नर्सहरुको यो भूमिका आवश्यक छ ।'
उनले नेपालमा सेफ मदरहुड नेटवर्क मार्फत् मातृ तथाशिशु स्वास्थ्यका क्षेत्रमाआफूले विगतदेखि गर्दै आएको अभियानको स्मरण गर्दै अहिले भने नेपालमा मातृ स्वास्थ्यका क्षेत्रमा धेरै सुधार भएको र त्यसमा थप प्रगतिका लागि नर्सिङ पेशालाई समयानुकुल सुविधा सम्पन्न बनाई विकास गर्दै लैजानुपर्नेमा जोड दिइन् । नेपाली नर्सहरु विदेश गइरहेको वर्तमान अवस्था प्रति उनले भनिन्, 'यहाँहरुले राम्रो अवसर पाएरै विदेश गइरहनुभएको होला, त्यसमा म केही भन्दिन । तर पनि विदेशमा रहँदा त्यहाँको ज्ञान र सीप बटुलेर स्वदेश फर्किनुहोला । यो देशमा यहाँहरुको सख्त खाँचो छ ।' रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट



**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ । आइतवार नेप्से परिसूचक ६३ दशमलव ७३ अङ्कले घटेर दुई हजार आठ सय ५८ दशमलव ९० बिन्दुमा कायम भएको हो । यो दुई दशमलव १८ प्रतिशतको गिरावट हो ।
आज ३१९ कम्पनीको तीन करोड २२ लाख ६० हजार ३४१ कित्ता शेयर एक लाख ५२ हजार ५१८ पटक खरिदबिक्री हुँदा १३ अर्ब सात करोड ५० लाख रुपैयाँ बराबरको कारोबार भएको छ । आजको कारोबारमा सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी लघुवित्त समूह तीन दशमलव शून्य पाँच, बैंकिङ दुई दशमलव २७, लगानी दुई दशमलव १९, जीवन बिमा दुई दशमलव १६ र उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ४३ प्रतिशतले घटेको छ ।
विकास बैंक एक दशमलव ६६, वित्त एक दशमलव ६६, होटल तथा पर्यटन एक दशमलव १७, जलविद्युत् एक दशमलव ३०, म्युचुअल फण्ड एक, निर्जीवन बिमा एक दशमलव ७३ र व्यापार एक दशमलव ४३ प्रतिशतले घटेको छ । आजको कारोबारमा ट्रेड टावर लिमिटेड र शिवश्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सान्भी इनर्जी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।
कारोबार रकमका आधारमा आज सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको ७५ करोड ३९ लाख ६४ हजार ८६५ रुपैयाँ बराबरको कारोबार भएको छ ।
कारोबार भएका शेयर सङ्ख्याका आधारमा सनराईज ब्लुचिप फण्डको सबैभन्दा बढी १२ लाख ४९ हजार ४१६ कित्ता शेयर खरिदबिक्री भएको छ ।रासस

# दीपक चापागाईँको उदाहरणीय कागतीखेती



**नवलपरासी ।**
सिङ्चाङको पाखा कागतीको बोटले ढाकिएको छ । बोटमा लटरम्म कागती फलेको छ । वैदेशिक रोजगारीको सिलसिलामा लामो समय मलेसियामा बिताउनुभएका देवचुलीका दीपक चापागाईँ यतिबेला कागती टिपेर बजार पठाउन व्यस्त छन । जीवनका विविध आवश्यकता पूरा गर्न विदेशी भूमिमा पसिना बगाउनुभएका उनि अहिले स्वदेशमै कृषिमा भविष्य खोज्दै छन । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको बुलिङटार गाउँपालिका–४, सिङ्चाङमा ८० रोपनी जमीनमा चापागाईँको कागती बगैँचा छ ।
लगानी र व्यवस्थापनमा सहजताका लागि देवचुलीकै देवीप्रसाद भुसालसँग मिलेर पाँच वर्षअघि दुई हजार कागतीका बिरुवा रोपेर थालिएको कागतीखेतीले यतिबेला उत्पादन दिन थालेको छ । गत वर्ष सामान्य रूपमा केही कागती उत्पादन भएको भए पनि अहिले धेरै बोटमा राम्रो कागती उत्पादन सुरु भएको उनले बताए।
यो वर्षमात्र ५० क्विन्टल कागती बजारमा पठाइसकिएको उनले बताए । कागतीले उत्पादन दिन थालेपछि स्वदेशमा कृषिबाटै आम्दानी गर्ने चापागाईँको सपनाले मूर्तरूप लिन थालेको छ। 'विदेश बसियो लामो समय, तर यतिकै जीवन जालाजस्तो लागेन, स्वदेश फर्किएपछि पनि यताउता बुझ्ने क्रम रह्यो, अरुअरु व्यवसाय पनि गरेँ, अन्त्यमा अब कागतीको सम्भावना छ भन्ने लागेर खेती सुरु गरियो, फल दिन थालेपछि अब आशा जागेको छ' किसान चापागाईँले भने।
उन अनुसार सबैजसो बोटबाट उत्पादन सुरु भएकाले यस वर्ष करिब पाँच सय क्विन्टल कागती उत्पादन हुने अनुमान छ । चापागाईँ र भुसालले सफल कृषि फार्म र भुसाल कृषि फार्ममार्फत सुन्तला र कागतीखेतीलाई अगाडि बढाएका छन् । कागतीखेती विस्तारका क्रममा रहेको भुसालले बताए।
दुवै जना मिलेर सिङ्चाङमा सुरु गरेको उदाहरणीय कागतीखेतीका कारण यहाँ अन्य किसानसमेत कागतीखेतीतर्फ आकर्षित भएका छन् । यहाँ गाउँका अन्य किसनले समेत करिब चार हजार बिरुवा लगाएका छन् । सिङ्चाङ क्षेत्र अहिले कागती उत्पादनको क्षेत्रजस्तै बनेको छ । उनीहरूले कागती र सुन्तलाको बिरुवासमेत उत्पादन गर्दै आएका छन् । नर्सरीका रूपमा बिरुवा उत्पादन गरी बिक्री गर्दै आएको भुसालले बताए । कागतीखेतीमा हालसम्म एक करोड रुपैयाँ बढी लगानी भएको उनको भनाइ छ । कागतीखेती सुरु गरेपछि केहीले यहाँ रोजगारीसमेत पाएका छन् । स्थायी रूपमा तीन जना कामदार रहेको र समयसमयमा अन्य कामदारसमेत खटाइने गरिएको छ।
नजिकै पर्ने बौदीकाली गाउँपालिकामा उनीहरूले सुन्तलाखेतीको समेत थालनी गरेका छन् । नवलपुरस्थित कृषि ज्ञान केन्द्रका प्रमुख कुलप्रसाद तिवारीका अनुसार, जिल्लाभरि हाल करिब एक सय ५० जना किसान कागतीखेतीमा संलग्न छन् । नवलपुरमा करिब ५० हजारभन्दा बढी बिरुवा रोपिएको छ । नवलपुरमा यस वर्ष करिब पाँच सय मेट्रिक टन कागती उत्पादन हुने अनुमान गरिएको छ । कागतीसँगै नवलपुरमा सुन्तलाखेती गर्ने किसानको सङ्ख्यासमेत वृद्धि हुँदै गएको छ।
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत 'फलफूल जोन विकास कार्यक्रम' मार्फत नवलपुरमा कागतीखेती प्रवद्र्धन हुँदै आएको छ । कार्यक्रम कार्यान्वयन एकाइ नवलपुरका वरिष्ठ कृषि अधिकृत देवीप्रसाद अधिकारीका अनुसार किसानलाई नर्सरी व्यवस्थापन, बिरुवाको अनुदान, रोग–कीराको नियन्त्रणका लागि औषधि उपलब्ध गराइएको छ । अनुदानले कागती र सुन्तलाखेती गर्नेहरूको सङ्ख्या बढाउँदै गएको उनले बताए।
कागती उत्पादन राम्रो हुँदै गए पनि बजारको भने चिन्ता थपिँदै गएको किसानको गुनासो छ । अहिले कागती प्रतिकेजी ८५ रुपैयाँ सम्ममा बिक्री हुँदै आएकाले मूल्यसमेत कम रहेको उनको भनाइ छ । उपयुक्त मूल्यमा बिक्रीका लागि सरोकारवालाले पहल गर्नुपर्ने उनको भनाइ छ।
कागतीको उत्पादन बढ्दो भएकाले यसको बजारीकरणमा समस्या हुन नदिन बजार खोज्नुपर्ने आवश्यकता देखिएको अधिकारीले बताए । यहाँ उत्पादन भएको कागती स्थानीय बजारमा मात्र खपत हुने अवस्था नरहेकाले काठमाडौँ, पोखरा, चितवनलगायतका क्षेत्रमा सहज रूपमा बजारीकरणका लागि पहल भइरहेको उनको भनाइ छ।रासस

# कश्मीरमा भारतीय सुरक्षा बल र आतंककारीबीच मुठभेड



**एजेन्सी ।**
दक्षिण कश्मीरको कुलगाम जिल्लाको अखल देवसर क्षेत्रमा भारतीय सुरक्षा बल र आतंककारीबीच मुठभेड भएको छ ।
सुरक्षा बलले आफ्नो अपरेशन जारी समेत राखेको छ । अहिलेसम्म, अपरेशनमा एक आतंककारीलाई निष्क्रिय पारिएको छ । शनिबार, अखल क्षेत्रमा रातभर जारी रहेको गोलीबारीका क्रममा सुरक्षा बलले एक आतंककारीलाई निष्क्रिय पारेको चिनार कोप्र्सले जनाएको छ । यो संयुक्त कारबाही भारतीय सेना, जम्मू कश्मीर प्रहरी, सीआरपीएफ र विशेष अपरेशन समूह (एसओजी) द्वारा गरिएको थियो । जुलाई ३० मा, जम्मू र कश्मीरको नियन्त्रण रेखामा भारतीय सेनाले सीमा बार नजिकै शंकास्पद गतिविधि पत्ता लगाएपछि मुठभेड भएको थियो ।
सुरुमा संदिग्ध आतंककारीहरूले गोलीबारी सुरु गरेको र सेनाले तुरुन्तै जवाफी कारबाही गरेको जनाएको छ ।(एएनआइ)

# कम्प्युटर इञ्जिनीयरिङ गरेका युवाको च्याउखेती

**नेपालगञ्ज ।**
भारतमा कम्प्युटर इञ्जीनीयरिङको पढाइ सकेर नेपाल फर्केका मिलन बस्नेतले बाँकेमा लोभलाग्दो च्याउखेती गरेका छन । जिल्लाको बैजनाथ गाउँपालिका–१ गाभर भ्यालीमा 'भ्याली एग्रो फार्म' दर्ता गरी उनलेआधुनिक प्रविधिमा च्याउखेती गरेका हुन।
धनगढीका ३२ वर्षीय बस्नेतले कृषिजन्य वस्तु भारतबाट आउने तर गुणस्तरीय नभने, नेपालमा आउने च्याउ रसायनयुक्त हुने भएकाले अर्गानिक उत्पादनमा केन्द्रित भएको बताए। 'भारतबाट पढाइ सकेर आएपछि मलाई विदेश जाने दबाब थियो, तर कृषिमा नयाँ केही गर्नुपर्छ भन्ने सोचले च्याउखेतीप्रति आर्कषण बढ्यो। विभिन्न अध्ययन, अनुसन्धानअनुसार च्याउखेतीमा सम्भावना देखेकाले आधुनिक प्रविधि अपनाएको हुँ', उनले भने । किसान बस्नेतले नेपालका सबै होटेलमा च्याउ चीनबाट आएको अध्ययनले देखाएको जनाउँदै यसमा रसायनको प्रयोग बढी हुने भएकाले मानव स्वास्थ्यमा नकारात्मक असर गर्ने धारणा राखे । 'आफ्नै देशमा केही गरौँ भनेर गाभर भ्यालीलाई छनोट गरी आधुनिक प्रविधिमा च्याउखेती सुरु गरेको छु', उनले भने।
आठ वर्षदेखि च्याउ उत्पादन गर्दै आउनुभएका बस्नेतले गौमूत्रसहित जैविक मलको प्रयोग गरेर अर्गानिक खेती गर्छन । यहाँ डल्ले र पाते च्याउको उत्पादन हुने उल्लेख गर्दै उनले नयाँ अभ्यासका रूपमा 'लाइन्समेन मसरुम'को पनि उत्पादन गर्न लागिएको जानकारी दिए।



लाइन्समेन मसरुमको बजारीकरणका लागि युरोप र युकेका सहरमा कम्पनी दर्ता गरेर प्रक्रिया अघि बढाइएको जानकारी दिँदै उनले बेमौसमी अवस्थामा पनि प्रतिदिन करिब २०० देखि २५० किलोसम्म र मौसममा प्रतिदिन ४०० किलोम्म च्याउको उत्पादन हुने बताए।
'लाइन्समेन च्याउको क्याप्सुल बनाएर बाहिर पठाउछौँ, बस्नेतले भने, 'उत्पादित च्याउ हवाई जहाजमार्फत काठमाडौँ जाने गरेको छ । साथै दाङ, सुर्खेत, बुटवल, धनगढीका भाटभटेनी पसलमा सजिलै पाइन्छ । च्याउका लागि तापक्रम महत्त्वपूर्ण विषय हो । यसलाई १८ देखि २० डिग्री चिसो तापक्रम चाहिन्छ ।' सबै मिलाएर ५० टनको एसी प्रयोग भएको जानकारी दिँदै उनले यस बाहेक आद्रता व्यवस्थापन गर्न उपकरणको प्रयोग भएको बताए।
अहिलेसम्म पाँच करोड रुपैयाँ लगानी भएको च्याउखेतीमा भारतबाट अवैध रूपमा आउने च्याउ बजारीकरणको प्रमुख चुनौतीका रूपमा रहेको बस्नेतले बताए । 'भन्सार छलेर आउने च्याउले हाम्रो बजीकरणमा ठूलो समस्या आएको छ, यसले हामीजस्ता किसानलाई नोक्सान पु¥याइरहेको छ', उनले भने।
करिब एक बिघा जमिन निजी र एक बिघा बीस वर्षसम्मका लागि भाडामा लिएर खेती गरिरहेको बस्नेतले जानकारी दिए । भौतिक पूर्वाधारका काम आफ्नो जमिनमा निर्माण भएका भन्दै फार्मका लागि छ जना स्थायी जनशक्ति राखिएको उनले बताए।
फार्मको कम्पोष्ट मल उत्पादनमा एक करोड रुपैयाँ मात्र लगानी भएको उल्लेख गर्दै कम्पोट मलको कच्चापदार्थ महाकालीबाट ल्याउने गरेको जानकारी दिए । उनले नेपालमा पाइने जडीबुटीयुक्त च्याउको उत्पादन गरेर त्यसको क्याप्सुल र पाउडर बनाएर विदेश निर्यात गर्ने नयाँ सोच रहेको बताए । 'यसका लागि मैले काम सुरु गरिरहेको छु अब कम्तीमा छ महिना लाग्ला', उनले भने।
आफूले कमाएको रकम कम्पनीमा लगानी गरेको जानकारी दिँदै बस्नेतले आफूसँगै अन्य दुईजना युवाकोसमेत सो फार्ममा लगानी रहेको बताए । कृषि ज्ञान केन्द्र बाँकेबाट बस्नेतले अहिलेसम्म करिब १६ लाख रुपैयाँ अनुदान पाउनुभएको छ । च्याउ खेतीमा प्रयोग हुने उपकरण नेपालमा गुणस्तरिय नभएको भन्दै सबै उपकरण भारतबाट ल्याएको उहाँको भनाइ छ । उत्पादन भएको च्याउ २०० रुपैयाँ देखि दुई सय ५० रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको छ।
कृषि ज्ञान केन्द्रका प्रमुख विनोद घिमिरेले च्याउखेतीमा युवा किसानले गरेको काम अनुकरणीय भएको उल्लेख गर्दै जिल्लाका केही किसानले सानो अनुदान सहयोगमा पनि ठूलो उपलब्धि हासिल गरेका बताए । जिल्ला समन्वय समितिकी उपप्रमुख सीता कार्कीले लोभलाग्दो च्याउखेती भएको उल्लेख गर्दै किसानले देशभित्रै मेहनत गरे विदेश धाउन नपर्ने बताईन ।रासस

# रूसले बनाउन थाल्यो 'ओरासोनिक हाइपरसोनिक मिसाइल

**मस्को।**
अमेरिकासँगको तनावका बीच रुसले आफ्नो नयाँ हाइपरसोनिक मिसाइल ओरासोनिकको उत्पादन सुरु गरेको छ।
राष्ट्रपति भ्लादिमिर पुटिनले यस्तो घोषणा गरेका हुन् । उनले सन् २०२५ को अन्त्यअघि बेलारुसमा तैनाथ गर्ने योजना रहेको पनि बताएका छन्।
यो घोषणाले युरोपको लागि सुरक्षा जोखिम बढाउँने भन्दै चिन्ता ब्यक्त गरिएको छ । ओरेसनिक मध्यम दुरीको ब्यालेस्टिक मिसाइल आधिकारिक रूपमा रुसी सेनामा सामेल भएको छ, पुटिनले सेन्ट पिटर्सबर्ग नजिकैको भलाम टापुमा भने। उनले पुष्टि गरे कि बेलारुसमा यसको तैनाथी साइटहरू पहिले नै चयन गरिएको छ।

**बेलारुसका राष्ट्रपति अलेक्ज्याण्डर**

लुकाशेन्कोको उपस्थितिमा पुटिनले भने, 'तयारीको काम जारी छ र सम्भवतः हामी यो वर्षको अन्त्यसम्म पूरा गर्नेछौं।' रुसले गत वर्ष नोभेम्बरमा युक्रेन युद्धमा ओरेस्निक मिसाइल प्रयोग गरेको थियो, जब त्यसले निप्रोमा रहेको मिसाइल



कारखानालाई निशाना बनाएको थियो। रुसी सेनाका अधिकारीहरुका अनुसार ओरेश्निक मिसाइल परम्परागत र आणविक दुवै हतियार बोक्न सक्षम छ। रुसको नयाँ मिसाइलले म्याच १० ले १२३४८ किमी प्रतिघण्टाको गतिमा यात्रा गर्न सक्छ, जुन पश्चिमी मिसाइल प्रतिरक्षा प्रणालीलाई चकित पार्न पर्याप्त छ। पुटिनले आफ्नो हतियारलाई लक्ष्यमा खस्नबाट रोक्न नसकिने दाबी गरे। उनले भने कि यसका धेरै हतियारहरू यति शक्तिशाली छन् कि ती मध्ये धेरैलाई परम्परागत आक्रमणमा प्रयोग गर्नु आणविक आक्रमण जस्तै विनाशकारी हुन सक्छ।
यो मिसाइलले युरोपका हरेक देशलाई निशाना बनाउन सक्छ । यद्यपि, केही विशेषज्ञहरूले यसलाई रूसी मिसाइल, रुबेज २६ को प्रतिस्थापन नाम भनेका छन्।
यस अवधिमा पुटिनले नाटोलाई पनि धम्की दिए कि यदि उनीहरूले युक्रेनलाई लामो दूरीका हतियारहरू उपलब्ध गराएमा ओलेस्निक मिसाइल उनीहरूको विरुद्धमा प्रयोग गर्न सकिन्छ।
उनले भने, 'हामीले पश्चिमालाई चेतावनी दिइरहेका छौं । यदि कीभले रूसलाई आक्रमण गर्न नेटोद्वारा आपूर्ति गरिएको मिसाइलहरू प्रयोग गर्दछ भने हामी ओरेस्निक जस्ता प्रणालीहरू प्रयोग गरेर युक्रेन बाहिर जवाफ दिन सक्छौं।'

# प्लास्टिकजन्य फोहरले बुकीपाटन कुरुप बन्ने खतरा

**बागलुङ ।**
तीन वर्ष अगाडिसम्म ढोरपाटनको बुकीपाटन क्षेत्रमा गोठाला र वस्तुभाउबाहेक कोही जाँदैनथे । पाटनैभरि वनफूल फुल्थे । वस्तुभाउ चर्दै पुग्ने ठाउँसम्म गोबर भेटिन्थ्यो । तर अहिले बुकीपाटनमा पर्यटकको आकर्षण बढेको छ । गत वर्षदेखि ढोरपाटन पुगेका आन्तरिक तथा बाह्य पर्यटक बुकीपाटन उक्लिन थालेपछि पहिले वनफूल र गोबर भेटिने ठाउँमा अहिले प्लास्टिक र सिसा भेटिन थालेका छन् । घुमफिरका गर्न आएका पर्यटकले यत्रतत्र फोहर फाल्दा बुकीपाटन कुरुप बन्ने जोखिम बढेको छ ।

ढोरपाटन नगरपालिका–९ पाखाथरदेखि उकालो लागेपछि पदमार्गका छेउछाउ, कोल्सा, डाँडा, खोला र बुकीपाटनसम्मै बिस्कुट, चाउचाउका प्लास्टिक, सिसा, रेडबुल र पानीका बोत्तल छरपस्ट भेटिन्छन् । पर्यटन तथा उद्योग कार्यालय बागलुङ र ढोरपाटन सिकार आरक्षले पदमार्गको ठाउँठाउँमा फोहर फाल्ने खाडल बनाए पनि त्यसको प्रयोग कमै भएको छ । बुकीपाटनमा सिरसिर सिरेटो चलिराख्ने हुँदा एक ठाउँ फालेको फोहर उडाएर टाढाटाढा पुर्याउने गरेको छ ।

बुकीपाटनमा अधिकांश पर्यटकले प्लास्टिकजन्य सामग्री बोकेर जाने प्रयोग भइसकेपछि उतै फ्याँकेर फर्किने गरेको स्थानीय गोठाला लोकबहादुर विश्वकर्माले बताए । जथाभावी रूपमा फालेको प्लास्टिक घाँससँग वस्तुभाउले खाँदा बिरामी परेको उनको भनाइ छ । बिरामी वस्तुभाउको गोबरमै प्लास्टिकका टुक्रा फेला पर्ने विश्वकर्माले सुनाए । प्लास्टिक खाएर आफ्ना तीनवटा भेडा मरेको उनले गुनासो पोखे ।

'पहिला लेकमा गोठालामात्रै हुन्थ्यौँ, बाहिरी मान्छे आउँदैनथे, गाठालाले खासै प्लास्टिक ल्याउँदैनथे, अहिले त बुकीको ठाउँठाउँमा जता पनि कागज भेटिन्छ', उनले भने, 'उनीहरुले बोकेर आउने चाउचाउ, बिस्कुटको प्लास्टिक सबै यही फालेर जान्छन्, त्यो प्लास्टिक खाएर हाम्रो पशुचौपाय बिरामी पर्छन्, केही दिन अगाडि तीन भेडा मरे, मरेका भेडाको गोबरमा बिस्कुटबाहिरको प्लाष्टिक भेटियो ।'

उपत्यकादेखि बुकीपाटन जाने पर्यटकका लागि अहिलेसम्म कुनै पनि मापदण्ड बनाइएको छैन । पर्यटकले आफूलाई मन लागे जतिको समान बुकीपाटन लिएर जाने गर्छन् । यस वर्ष माथिल्लो क्षेत्रमा धेरै प्लास्टिकजन्य फोहर थुप्रिन थालेको ढोरपाटन उपत्यकाका होटल व्यवसायी धिरेन्द्र घर्तीमगरले बताए । गर्पाछेडा, टीकाधारा, फुर्से देउराली, फागुनेलगायतका बुकीपाटन क्षेत्रमा जाने पर्यटकले होटलबाटसमेत वियर, रमलगायतका पेयपदार्थ बोकेर जाने गरेको भन्दै त्यसको सिसा उतै फ्याँकेर आउने गरेको उनको भनाइ छ ।

घर्तीमगरले भने, 'सिकार आरक्ष अथवा नगरपालिकाले बुकीपाटन जानका लागि एउटा मापदण्ड बनाउनुपर्ने देखियो, यही हिसाबले बुकीपाटनमा फोहर बढ्दै गयो भने त यसको असर खतरनाक हुनसक्छ, भोलि त्यस क्षेत्रमा फुल्ने फूल, घाँस र जीवजन्तुलाई असर पुग्छ, त्यसले गर्दा समयसमय सफाइ गर्ने र सीमित प्लास्टिकजन्य सामानमात्र बुकी लैजाने व्यवस्था गर्नुपर्छ ।'

सामान्य उचाइबाट एकैपटक चार हजार ३०० मिटरको उचाइसम्म पुग्दा कोही बाटोमा बिरामी हुने त कतिलाई लेकसमेत लाग्ने गरेको छ । यसतर्फ कुनै पनि निकायको ध्यान पुग्नसकेको छैन । प्लास्टिकले पर्यावरण र बुकीपाटनको सुन्दरतालाई कुरुप बनाउन सक्ने काठमाडौँबाट घुम्न आउनुभएका नितेश राजभण्डारीले बताए । बुकीपाटन प्राकृतिक सुन्दरताका हिसाबले अत्यधिक राम्रो रहेको भन्दै उनले फोहर व्यवस्थापनका लागि सम्बन्धित निकाय र घुम्न जाने पर्यटकले पनि ख्याल गर्नुपर्ने बताए ।

फुर्से देउराली र गर्पाछेडामा धेरै प्लास्टिक फेलापरेको उनको भनाइ छ ।ढोरपाटन सिकार आरक्ष कार्यालयका सूचना अधिकारी पशुपति अधिकारीले समयसमयमा फोहर व्यवस्थापनका लागि कर्मचारी पठाउने गरे पनि प्रभाकारी हुन नसकेको बताए । घुम्न आउने पर्यटकले बढी लापरवाही गर्दा फोहर बढेको उनको भनाइ छ । सिकार आरक्षले ढोरपाटनका होटल व्यवसायी र विभिन्न सङ्घसंस्थासँग सहकार्य गरेर बेलाबेलामा उपत्यकामा सरसफाइ गरे पनि बुकीपाटनमा पुग्न नसकेको अधिकारीले बताए ।रासस

# मालिकाका ठूला आयोजना अधुरा

**म्याग्दी ।**
मालिका गाउँपालिकाले गत आर्थिक वर्ष २०८१/८२ मा ठेक्कामार्फत सञ्चालन गरेका चारमध्ये तीन वटा आयोजना अधुरा छन् । एउटा आयोजनाको कामनै सुरु नभइ ठेक्का तोडिएको हो ।

छ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित मालिकाको केन्द्र दरवाङबाट मालिका–१ को वडा कार्यालय रहेको निस्कोट जोड्ने सडक स्तरोन्नतिका लागि विसं २०७८ मा ठेक्का सम्झौता भई काम सुरु भएकामा अझै सकिएको छैन् ।

विसं २०७८ माघ ७ गते जिके/आइएसएसी जेभीसँग ठेक्का सम्झौता भएको आयोजनाको हालसम्मको भौतिक तथा वित्तीय प्रगति ७० प्रतिशत रहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको पूर्वाधार शाखाका प्रमुख दीपक सापकोटाले एक करोड २९ लाख रुपैयाँ भुक्तानी भएको आयोजनाको छैठौँ पटक थपिएको म्याद आगामी पुसमा सकिने जानकारी दिए ।

' तीन करोड ३१ लाख ९९ हजार नौ सय ९९ रुपैयाँ लागत अनुमान गरिएको सडक निर्माणका लागि ठेक्का प्रतिस्पर्धामा सबैभन्दा कम कबोलेको कम्पनीसँग सम्झौता भएको थियो', उनले भने, 'अहिले थपिएको समयभित्र पनि काम नसके कालोसूचीमा राखेर कारबाही प्रक्रिया अघि बढाउने तयारी गरेका छौँ ।'

चार वर्ष पुरानो दरवाङ–निस्कोटमात्र नभएर मालिका गाउँपालिकाले गत आवमा ठेक्कामार्फत सञ्चालन गरेका तीन वटा आयोजना अधुरा छन् भने एउटाको काम सुरु नभइ ठेक्का तोडिएको छ । एक करोड रुपैयाँ बजेट विनियोजन भएको निस्कोट–ताराखोला जोड्ने सडक निर्माण गर्न भएको ठेक्का सम्झौतामा वनसम्बन्धी मुद्दा परेपछि तोड्नु परेको गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताए ।

'जग्गा खरिदका लागि विनियोजन गरिएको एक करोड रुपैयाँ बजेट पनि दुःख दिने र अल्झाउने नियतले अख्तियारमा परेको मुद्दाका कारण कार्यान्वयन हुन सकेको छैन', उनले भने, 'मुद्दा मामिला, उजुरीसँगै छनोट भएका ठेकेदारले पनि साथ नदिँदा गतवर्ष पुँजीगत शीर्षकमा विनियोजन भएको १८ करोड रुपैयाँ मध्ये ५२ प्रतिशत मात्र खर्च भएको छ ।'

गत आर्थिक वर्षमा ओमेन अस्कर निर्माण सेवासँग ठेक्का सम्झौता भएको दुखुवैँशी सिँचाइ आयोजना सम्पन्न भएको छ । ४० लाख रुपैयाँ लागत अनुमान र करसहित २८ लाख २९ हजार एक सय ४५ रुपैयाँ मा ठेक्का सम्झौता भएको उक्त आयोजनाको ९० दशमलव ३६ प्रतिशत खर्च भएको आयोजना कार्यालयले जनाएको छ । मालिका–६ मा रहेको दुखुवैँशी सिँचाइ आयोजनाको मुहानमा बाँध र ४३ मिटर पक्की नहर निर्माण भएको अध्यक्ष गर्बुजाले जानकारी दिए ।

उनका अनुसार चट्टान निर्माण सेवाले विसं २०८१ माघ २९ गते ९८ लाख ३८ हजार दुई सय ९२ रुपैयाँ मा ठेक्का सम्झौता गरेको मालिका–३ डाँडागाउँ स्वास्थ्य चौकी भवन निर्माणको ३२ लाख ९० हजार दुई सय ४० रुपैयाँ मात्र खर्च भएको छ । अघिभारा–ताक्से–रुम मोटरबाटो निर्माणका लागि विसं २०८१ पुस २५ गते दुई करोड ४८ लाख ८७ हजार छ सय छ रुपैयाँ मा विके कन्ट्रक्सनसँग सम्झौता भएको आयोजनाको जम्मा १७ लाख ६९ हजार दुई सय २० मात्र रुपैयाँ भुक्तानी भएको छ । सङ्घीय र प्रदेश सरकारको विशेष र समपुरक अनुदानका आयोजना तोकिएको समयमा नसकिँदा गाउँपालिकामा बजेटको दायित्व बढेको अध्यक्ष गर्बुजाले बताए ।रासस

# जुम्लाको धिमीचौर आन्तरिक पर्यटकीय गन्तव्य बन्दै

**जुम्ला ।**
जिल्लाको चन्दननाथ नगरपालिका–४ मा रहेको धिमीचौर पछिल्लो समयमा आन्तरिक पर्यटकीय गन्तव्यका रूपमा विकासित हुँदै गएको छ । पर्यटकीय सम्भावना बोकेको धिमीचौर आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्दै गएको हो ।



यहाँका पाटनमा फूलेका फूलहरूको सुगन्ध लिने, रमणीय वातावरणसँग रमाउने र मनोरम दृश्यावलोकनका लागि पर्यटन आकर्षित हुन्दै गएका स्थानीय बताउँछन् ।

यस ठाउँले पर्यटकलाई आकर्षित गर्नुका साथै आनन्दित बनाउनु भएकाले आन्तरिक पर्यटकको आगमन बढ्दै गएको समाजसेवी एवं स्थानीय नेता सुरेन्द्रबहादुर महतले बताए । स्थानीय सरकारले यसको प्रचारप्रसार गर्ने, पर्यटकीय गतिविधि सञ्चालन, पर्यटन प्रवद्र्धनलगायत क्षेत्रलाई महत्त्व दिएर काम गरिरहेको उनको भनाइ छ ।

'यहाँसम्म पुग्नका लागि सडक विस्तार भएको छ । यसलाई थप स्तरवृद्धि गर्दै जाने योजना नगरले बनाएको छ । सदरमुकाम खलङ्गाबाट करिब एक घण्टाको पैदल यात्रामा पर्ने धिमीचौर आन्तरिक पर्यटकको चहलपहल बढेको छ', उनले भने ।

घना जङगलको बीचमा ठूलो फाँट, त्यही फाँट हो धिमिचौर । अहिले विशेषगरि साउन र भदौमा धिमीचौर पर्यटकले भरिभराउ हुन्छ । शुक्रबार र शनिबार तथा बिदाको दिनमा आन्तरिक पर्यटकको घुँइचो लाग्ने गरेको स्थानीय हिम्मत बुढ्थापाले जानकारी दिए ।

धिमीचौरमा घुम्न आउनेको सङ्ख्या बढेपछि पाटनसम्मका फाँटमा बिस्कुट, चाउचाउका प्लास्टिक, सिसा, रेडबुल र पानीका बोत्तल भेटिने बताउँदै लक्ष्मी खत्रीले पर्यटकीय गतिविधि बढेसँगै आयआर्जन बढ्नुका साथै वातावरणमा फोहर पनि बढिरहेको उल्लेख गरे । फोहर व्यवस्थापनका लागि ठाउँठाउँमा फोहर फाल्ने खाडलको व्यवस्था गर्नुपर्नेमा उनले जोड दिए ।

'पहिला बाउबाजेले बर्खायाममा गाईगोठका रूपमा प्रयोग गर्ने धिमीचौर अहिले आन्तरिक पर्यटनको मुख्य गन्तव्यका रूपमा विकसित हुँदै गएको छ । स्थानीय सरकारले पूर्वाधार विकाससँगै फोहर व्यवस्थापनको पहल गरे थप पर्यटन प्रवद्र्धन भई स्थानीयको आर्थिकस्तर सुधार हुँदै जाने थियो', उनले भने ।रासस

# त्रियुगा गाईघाट र मोदी बेनी जलमापन केन्द्रमा जलसतह बढ्दोः सावधानी अपनाउन आग्रह

**काठमाडौँ ।**
उदयपुरको त्रियुगा गाईघाट जलमापन केन्द्रमा हालको जलसतहले सतर्कता तह पार गरेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार गाईघाट जलमापन केन्द्रमा हालको जलसतहले सतर्कता तह पार गरेको र बढ्दो क्रममा रहेकाले नदीको तटीय क्षेत्र र डुबान भइरहने होचा भूभागमा रहनाले सावधानी अपनाउनसमेत विभागले आग्रह गरेको छ ।

यसैगरी, पर्वत जिल्लास्थित कालीगण्डकी नदी, मोदी बेनी जलमापन केन्द्रमा जलसतह तह सतर्कता तह आसपास रहेको तथा बढ्दो क्रममा रहेकाले नदी तटीय क्षेत्र र कमजोर तथा भिरालो जमिनमा पहिरोको जोखिम रहेकाले सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ ।

हाल देशभर मनसुनी वायुको प्रभाव रहेको विभागले जनाएको छ । मनसुनको न्यून चापीय रेखा सरदर स्थानको केही उत्तरतर्फ अवस्थित छ ।

विभागका अनुसार आइतवार दिउँसो देशभर साधारणतया बदली रहनेछ । सबै प्रदेशका धेरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ । कोशीलगायत लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका एकदुई स्थानमा भारी वर्षाको पनि सम्भावना छ ।

आज राति देशभर साधारणतया बदली रहनेछ । कोशी, मधेस, बागमती र गण्डकी प्रदेशलगायत अन्य प्रदेशका तराई भूभागका धेरै स्थान तथा बाँकी पहाडी भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ । कोशी, मधेसलगायत लुम्बिनी र सुदुरपश्चिम प्रदेशको तराई भूभागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।रासस

# २४ घण्टामा झापाका अनारमनी, चन्द्रगढी र केचनामा एक सय २९ मिलीमिटरसम्म वर्षा

**झापा ।**
अविरल वर्षासँगै झापाका विभिन्न स्थानमा बाढीको जोखिममा परेका छन् । जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्ला २४ घण्टामा अनारमनी, चन्द्रगढी र केचनालगायत स्थानमा एक सय २९ मिलीमिटरसम्म वर्षा मापन गरिएको छ । यसले कचनकवल, बारदशी, झापा, गौरीगञ्ज र कन्काई नगरपालिकाका तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन आग्रह गरिएको छ । बाढी सतर्कता प्रणालीअन्तर्गत बारदशी गाउँपालिका–३ को भागडुब्बा र कचनकवल गाउँपालिका–५ को पिनडालबारीमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणको सहयोगमा जडान गरिएका साइरन बज्न थालेको जनाइएको छ । साइरनले बासिन्दालाई समयमै सुरक्षित स्थानतर्फ जान सघाउने अपेक्षा गरिएको छ । त्यस्तै, साइरन प्रणाली झापा गाउँपालिकाको कुवाडी र गौरीगञ्ज गाउँपालिका–५ को कुञ्जीबारीमा समेत सञ्चालनमा छन् । झापा गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अन्जु थपलियाले भनिन, 'साइरनले बाढीको खतरा टाढैबाट जानकारी गराउँछ । हामीले सचेतना र पूर्वतयारीमार्फत जोखिम न्यूनीकरणमा ध्यान दिइरहेका छौँ । स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा सार्ने योजना पनि सक्रिय रूपमा कार्यान्वयनमा छ ।'

कन्काई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले नगर क्षेत्रमा रहेको कनकाई नदीको सतह उच्च रहेको र आसपासका क्षेत्र सतर्क अवस्थामा रहेको बताए । उनले भने, 'नदीको बहाब निरन्तर बढिरहेकाले नगरपालिकाको विपद् व्यवस्थापन समिति सक्रिय छ । आवश्यक परेमा तत्काल उद्धार, राहत र स्थानान्तरण कार्य गरिनेछ ।'

झापाका प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारीका अनुसार जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, स्थानीय तहसँगको समन्वयमा उच्च जोखिममा रहेका स्थानको तत्काल अनुगमन, आवश्यकतानुसार उद्धार तथा राहतको तयारी गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गरेर जनतालाई सुरक्षित स्थानमा जान अनुरोध गरेको स्थानीयवासी हरि राजवंशीले बताए ।

भारी वर्षासँगै एसियन हाइवेअन्तर्गत मेचीनगर नगरपालिकाभित्रको कालीखोलाको डाइभर्सन, इलिफेन्ट क्रसिङ डाइभर्सन र माई नदी पश्चिमको भालुखोलाको डाइभर्सनमा क्षति पुग्न सक्ने उच्च सम्भावना रहेकाले एसियन हाइवे आयोजनाले समेत आफ्ना कर्मचारी र जेसिभी र स्काइभेटरलाई समेत तयारी अवस्थामा राखेको आयोजना प्रमुख इञ्जिनियर सुनिलबाबु पन्तले बताए ।

मेचीनगर नगरपालिकाभित्र पर्ने कालीखोलाको डाइभर्सनमा हुनसक्ने जोखिमलाई ध्यान दिएर नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले आयोजनासँग समेत आवश्यक परामर्श गरिएको, राहत र उद्धारको टिम तयारी अवस्थामा रहेको बताए । उनले भने, 'सडक डाइभर्सन क्षेत्रमा बाढी बसेको अवस्थामा एसियन हाइवे परियोजनासँग सहकार्य गरी उद्धार टोली तयार भएको र मर्मत तथा वैकल्पिक आवागमन सुनिश्चित गर्न इञ्जिनियरिङ टोली परिचालित गरिएको छ ।'

विशेषज्ञहरूले बाढीको सम्भावित जोखिम क्षेत्रहरू कचनकवल, झापा, बारदशी, गौरीगञ्ज, कन्काईलगायतका तटीय र नदी छेउका बस्तीमा बसोबास गरिरहेका नागरिकलाई तत्काल सतर्कता अपनाउन सुझाव दिएका छन् ।रासस

# फैसला कार्यान्वयनमा सक्रियता बढाउँदै चितवन प्रहरी

**चितवन ।**
बिभिन्न अपराधिक कार्यमा संलग्न रही फरार एक हजार ५०८ जना अभियुक्तलाई जिल्ला प्रहरी कार्यालयले पक्राउ गरी कानुनी दायरामा ल्याएको छ ।

कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार गत आर्थिक वर्षमा एक हजार ७६५ मुद्दामा उनीहरूलाई पक्राउ गरी कारबाही गरिएको हो । ती मुद्दामा एक हजार ८९२ जना अभियुक्त रहेका छन् । उनका अनुसार यस वर्ष परेका मुद्दामा एक हजार ६९६ जना पुरुष, एक सय ७१ महिला र समलिङ्गी एक जना संलग्न रहेका छन् । तीमध्ये विदेशी नागरिक २४ जना रहेका छन् । तेइस जना पुरुष र एक महिला विदेशी रहेको उनले जानकारी दिए ।

पक्राउ पर्नेमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा, सवारी ज्यान, लागुऔषध, जबर्जस्ती करणी, बाल यौन दुरुपयोग, मानव बेचबिखन तथा ओसारपसार, अभद्र व्यवहार, आत्महत्या, चोरी, जुवा, ठगी, विद्युतीय अपराध, बैंकिङ कसुर रहेका छन् ।

कार्यालयले फैसला कार्यान्वयनतर्फ गत आवमा पाँच सय ८३ जनालाई पक्राउ गरी अदालतमा बुझाएको छ । उनीहरूबाट एक सय २७ वर्ष छ महिना तीन दिन कैद र दुई करोड ५८ लाख ७९ हजार ४१९ रुपैयाँ जरिवाना असुल गरिएको छ । फैसला कार्यान्वयनका लागि एक हजार ८०७ जना पक्राउ गरी कानुनी दायरामा ल्याउन बाँकी रहेको उनले जानकारी दिए ।

माछा मार्ने क्रममा एक जना बेपत्ता भएका छन् । भरतपुर महानगरपालिका–२३ केरुङ्गा खोलामा माछा मार्न गएका स्थानीय ५० वर्षीय भीमबहादुर दराई बेपत्ता भएका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार शनिबार साँझ माछा मार्न गएका उनी खोलामा बेपत्ता भएका हुन् । बेपत्ता दराईको खोजी जारी रहेको प्रहरीले जनाएको छ । रासस

# झरीसँगै किसानको अनुहारमा मुस्कान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धेरै दिनको प्रतीक्षापछि शनिबार र आइतबार परेको झरीले सुक्खा सहेर बसेका मधेश प्रदेशका किसानमा नयाँ उत्साह भरेको छ । लामो समयसम्म पानी नपरेर चिन्तित रहेका किसानको अनुहारमा फेरि मुस्कान छाएको छ । वर्षासँगै खेत हिलाम्मे बनेपछि उनीहरू धान रोपाइँमा जुटेका हुन् । जनकपुरधाम, मलंगवा, गौर, वीरगंजलगायतका स्थानमा वर्षाले खेतीयोग्य जमिन चोखिन थालेपछि किसान बिहानै हलो, ट्याक्टर र कोदालो लिएर खेतमा झर्ने दृश्य देखिन थालेको छ । मधेश प्रदेशमा ५ लाख ४२ हजार ५८० हेक्टर खेतीयोग्य जमिनमध्ये ३ लाख ७२ हजार ६४५ हेक्टरमा धान खेती हुने गर्दछ । तर, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार हालसम्म २ लाख १३ हजार ३४८ हेक्टर जग्गामात्र रोपाइँ सकिएको छ । यो खेतीयोग्य क्षेत्रफलको ५७.२७ प्रतिशत हो । बाँकी ४२.७३ प्रतिशत जमिन अझै बाँझै थियो । तर, पछिल्लो वर्षाले त्यस क्षेत्रमा पनि रोपाइँको सम्भावना उज्यालो बनाएको कृषि विज्ञहरू बताउँछन् । जनकपुरधाम–२४, बसहियाका कृषक राजकरण साह भन्छन्, 'बोर्डिङ र मोटर पनि सुक्न थालेको बेला परेको यो पानी हाम्रो लागि अमृत जस्तै हो । रोपिएको धानबाली जोगिने भयो ।' त्यस्तै, कृषक हरिनन्दन यादव भन्छन्, 'मोटरले पानी तान्न सक्दैनथ्यो । खेत सुक्खा भएर चिरा परेका थिए । अब एकै दिनमा खेतको स्वरूप बदलिएको छ ।' किसान शम्भु साहको अनुभव अझ मार्मिक छ । उनले भने, 'ब्याडमा लगाइएको बिउ जेनतेन जोगाइ राखेका थियौं । अहिलेको पानीले त्यसैलाई रोप्न मिल्ने भयो । बिउ बर्बाद हुने त्रास हटेको छ ।' जनकपुरधामका अर्का कृषक सञ्जय यादवका अनुसार, अहिलेको वर्षाले रोपाइँ गर्न पर्याप्त पानी भए पनि समय ढिला भएकाले उत्पादनमा केही असर पर्न सक्ने सम्भावना भने कायम छ । आठ जिल्लाहरूमा पर्सा र बारा रोपाइँमा अग्रपंक्तिमा छन् । पर्सामा ८५ प्रतिशत, बारामा ८३ प्रतिशत, रौतहटमा ७३ प्रतिशत र सर्लाहीमा ६५ प्रतिशत क्षेत्रमा रोपाइँ सकिएको छ । तर, सप्तरी, सिरहा, महोत्तरी र धनुषाजस्ता जिल्लामा अवस्था तुलनात्मक रूपमा कमजोर छ । महोत्तरीमा ३९.७३ प्रतिशत, सप्तरीमा ४० प्रतिशत, धनुषामा ४० प्रतिशत र सिरहामा ५० प्रतिशत रोपाइँ मात्र सकिएको कृषि मन्त्रालयको तथ्यांकमा उल्लेख छ । जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो २४ घण्टामा मधेशका धेरै स्थानमा ४८ देखि १०० मि.मि. सम्म वर्षा भएको छ । यसले रोपाइँका लागि वातावरण अनुकूल बनाएको छ । वर्षाले सुक्न लागेको बिउलाई बचाएको र रोपिएको बालीलाई जीवन दिए पनि राहतसँगै जोखिम पनि देखिएको छ । नदी किनारका क्षेत्रहरूमा जमिन भासिने, खेत डुबानमा पर्ने र वर्षासँगै रोगको संक्रमण बढ्न सक्ने भएकाले कृषकहरूलाई सतर्क रहन सुझाव दिइएको छ । सप्तरीमा ८१ हजार ६६८ हेक्टर खेतीयोग्य जमिनमध्ये ६८ हजार हेक्टरमा धान रोपाइँ हुने गर्दछ । तर, यो वर्ष झन्डै ४० प्रतिशत खेत बाँझै रहने अवस्था थियो । हालको झरीले अब बाँझो जमिनमा पनि रोपाइँ हुने देखिएको छ । मधेश प्रदेशका किसानका लागि वर्षाले नयाँ जीवन दिएको छ । खेत मात्र नभई उनीहरूको मनमा पनि हरियाली फर्किएको छ । पानीको आँखा लाग्ने भूमिमा वर्षा हुनासाथ शिर ठाडो बनाउने किसान अब फेरि हलो समात्न तयार छन् । यद्यपि, यो खुसी लामो समय टिकाउनका लागि सिंचाइ, बिउ, मल र बजार सुनिश्चित गर्ने जिम्मेवारी राज्यको पनि हुनुपर्दछ ।

# श्रम तथा यातायात मन्त्रालयद्वारा तीन अर्ब ४७ करोड राजस्व सङ्कलन

**जनकपुरधाम ।**
मधेश प्रदेशको श्रम तथा यातायात मन्त्रालय जनकपुरधामले आर्थिक वर्ष २०८१/ ८२ मा तीन अर्ब ४७ करोड ९३ लाख ३३ हजार ८५९ कुल राजस्व सङ्कलन गरेको छ । सवारीसाधनको नवीकरणलगायत विभिन्न शीर्षकमा मन्त्रालय अन्तर्गतको आठ जिल्लाको कार्यालयबाट उक्त राजस्व सङ्कलन भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार २०८१ को साउनदेखि २०८२ को असारसम्ममा सो कार्यालयले चालक अनुमतिपत्र वितरण, नवीकरण, नयाँ सवारीसाधनको दर्ता, सवारीसाधन नवीकरण तथा रुटपरमिट, नामसारी र पटकेकरलगायत विभिन्न शीर्षकबाट सो राजस्व सङ्कलन भएको जनाइएको छ । सो मन्त्रालयअन्तर्गत यातायात व्यवस्था कार्यालय राजविराजबाट ११ करोड ७५ लाख ९२ हजार ६६४, यातायात व्यवस्था कार्यालय लहानबाट ४९ करोड ७५ लाख ९७ हजार ७७७, यातायात व्यवस्था कार्यालय जनकपुरधामबाट ६६ करोड ४३ लाख ९८०, यातायात व्यवस्था कार्यालय बर्दिबास कार्यालयबाट २६ करोड ५१ लाख ५७ हजार राजस्व सङ्कलन भएको विवरणमा उल्लेख गरिएको छ । त्यस्तै, यातायात व्यवस्थाका कार्यालय मलङ्गवाबाट ११ करोड ९४ लाख ४६ हजार १८६, यातायात व्यवस्था कार्यालय गौरबाट आठ करोड ९१ लाख ७० हजार ३६४, यातायात व्यवस्थाका कार्यालय कलैयाबाट नौ करोड ९३ लाख ८४ हजार ४१६ तथा यातायात व्यवस्था कार्यालय वीरगंजबाट एक अर्ब ६२ करोड ४० लाख ४१ हजार ३८४ राजस्व सङ्कलन भएको छ । श्रम तथा यातायात मन्त्री कौशलकिशोर रायले यातायतको विभिन्न शीर्षकमा लाग्ने करको जरिवानामा शतप्रतिशत यस वर्ष छुटको व्यवस्था भएको तथा कार्यालयहरुबाट विद्युत् समस्या हटाउनका लागि सोलार सिस्टम जडान गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनेतर्फ जोडदिएको बताए । गत आवमा मधेश प्रदेशको श्रम तथा यातायात मन्त्रालयले सवारीसाधनको करको जरिवानामा लाग्ने शुल्कलाई शतप्रतिशत छुट दिने व्यवस्था गरेको तथा सो व्यवस्था आउँदो मङ्सिर १७ गतेसम्म कायम रहने बताउँदै मधेश प्रदेश सरकारको सबैभन्दा बढी आम्दानीको स्रोत आफ्नो मन्त्रालय रहेको मन्त्री रायको भनाइ थियो । मधेश प्रदेशको सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ मा छुटसम्बन्धी व्यवस्था गत मङ्सिर १९ गते मधेश प्रदेशको राजपत्रमा समेत प्रकाशित सो कार्यालयले जनाएको छ । सो ऐनअन्तर्गत सवारीसाधनको करमा लाग्ने जरिवानामा शतप्रतिशत छुट दिने व्यवस्था भएको हो । उक्त ऐनले सवारीसाधनको एकमुष्ट १५ वर्षका लागि नवीकरण गराउने व्यवस्थासमेत भएको तथा त्यसका लागि सवारीसाधनको मूल्यको पाँच प्रतिशत शुल्क लाग्ने व्यवस्था रहेको छ । कार्यालय सञ्चालन, व्यवस्थापन तथा ऐनमा देखिएको समस्या तथा समाधानका विषयमा सो अवधिमा छलफलसमेत भएको मन्त्री रायले जानकारी दिए । उक्त अवधिमा मन्त्रालयको चालु खर्च ४८ प्रतिशत तथा पुँजीगत खर्च ३४.४१ प्रतिशत रहेको छ । रासस




# महोत्तरीबाट शुरू भयो वृक्षारोपण अभियान

**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेश प्रदेश सरकारअन्तर्गतको वन मन्त्रालयले महोत्तरी जिल्लाबाट वृक्षारोपण अभियानको औपचारिक शुरुवात गरेको छ । वातावरण संरक्षण, हरियाली विस्तार र जलवायु सन्तुलन कायम गर्ने उद्देश्यले शुरु गरिएको अभियानको पहिलो चरण एकडारा गाउँपालिका हुँदै हुलाकी राजमार्गको छेउबाट शुरु गरिएको हो । कार्यक्रमको उद्घाटन वन तथा वातावरण मन्त्री सञ्जयकुमार यादवले गरे । मन्त्री यादवसहित मन्त्रालयका उच्च अधिकारीहरू, स्थानीय जनप्रतिनिधि, सामुदायिक सदस्य, विद्यालयका विद्यार्थी लगायतको सहभागितामा बिरुवा रोपेर अभियानको थालनी गरिएको हो । मन्त्री यादवले वृक्षारोपण अभियानले मधेश प्रदेशमा हरियाली विस्तार मात्र नभई जलवायु संकट न्यूनीकरणमा समेत योगदान पुर्याउने विश्वास व्यक्त गरे । 'यो केवल बिरुवा रोप्ने कार्यक्रम मात्र नभई हरित मधेश निर्माणतर्फको ठोस कदम हो,' उनले भने । वन मन्त्रालयका अनुसार हाललाई महोत्तरी जिल्लामा शुरु गरिएको अभियान आगामी दिनमा अन्य स्थानीय तहहरूमा समेत चरणबद्ध रूपमा विस्तार गरिनेछ । यस अभियान अन्तर्गत विभिन्न प्रजातिका बिरुवाहरू रोपिनेछन् । स्थानीयवासीहरू पनि अभियानप्रति सकारात्मक देखिएका छन् । उनीहरूले यसले समुदायमा हरियालीप्रतिको चेतना बढाउने, गर्मी नियन्त्रणमा मद्दत पुर्याउने र भविष्यका पुस्ताका लागि स्वस्थ वातावरण तयार पार्ने विश्वास व्यक्त गरेका छन् । वन मन्त्रालयले वृक्षारोपणलाई स्थानीय समुदायको सक्रिय साझेदारीमा रूपान्तरण गर्दै अभियानलाई दीर्घकालीन बनाउने रणनीति अघि सारेको जनाएको छ ।



# महादेवा गाउँपालिकामा 'विविध' शीर्षकमा १३१ प्रतिशत खर्च

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको महादेवा गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा आफ्नो आन्तरिक आम्दानीभन्दा झन्डै डेढगुणा बढी खर्च गरेको तथ्य सार्वजनिक भएको छ । आर्थिक सुशासन र पारदर्शिताको सवाल उठिरहेका बेला गाउँपालिकाको यस्तो खर्च प्रवृत्तिले प्रश्न उठाएको छ । गाउँपालिकाको आर्थिक अभिलेखअनुसार, 'विविध खर्च' शीर्षकमा मात्रै २१ लाख २५ हजार रुपैयाँ खर्च गरिएको छ । तर, सोही अवधिमा गाउँपालिकाको कुल आन्तरिक आम्दानी १६ लाख २२ हजार रुपैयाँ मात्र रहेको छ । यसअनुसार, विविध खर्च पालिकाको आम्दानीको करिब १३१ प्रतिशतभन्दा बढी पुगेको हो । 'विविध खर्च' अन्तर्गत मुख्य रूपमा पालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा कर्मचारीहरूको बैठक, भ्रमण, अतिथिस्वागत र विशेष कार्यक्रमका नाममा होटल–रेस्टुरेन्टमा गरिएको खर्च समावेश छ । प्राप्त विवरणअनुसार, वडा कार्यालयदेखि पालिका कार्यालयसम्मले विभिन्न स्टोर र होटलहरूबाट खाजा, खाना, चिया लगायतका सामग्री खरिदमा लाखौं रुपैयाँ खर्च गरेका छन् । महादेवा गाउँपालिकाको एक स्रोतका अनुसार, 'केही महिनामा त कार्यालय चलाउनभन्दा खानपानमा बढी रकम छुट्याइएको देखिन्छ । बजेट खर्चको प्राथमिकता सेवा प्रवाह नभई सुविधा केन्द्रित जस्तो देखिएको छ ।' स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(९)(६) अनुसार कुनै पनि स्थानीय तहले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको सिद्धान्त पालना गर्नुपर्ने स्पष्ट व्यवस्था छ । तर, महादेवा गाउँपालिकाको खर्च शैली उक्त कानुनी मापदण्डविपरीत रहेको देखिन्छ । वित्तीय अनुशासन र जवाफदेहिताको सन्दर्भमा स्थानीय शासनको मूल्यांकन गर्ने विज्ञहरू भने यस्तो खर्च प्रवृत्तिप्रति चिन्तित छन् । स्थानीय विकास तथा बजेट अध्ययन गर्ने विश्लेषक नवराज साह भन्छन्, 'खानपान र स्वागत सत्कारमा अत्यधिक खर्च गर्नु भनेको बजेटको असमान र अवाञ्छित प्रयोग हो । यसले मूलभूत सेवा, पूर्वाधार निर्माण र सामाजिक सुरक्षाजस्ता क्षेत्र प्रभावित हुन्छन् ।' उनले आम्दानीभन्दा बढी खर्च गर्नु भनेको आर्थिक अनुशासनको उल्लंघन मात्र नभई जनताको करको दुरुपयोग पनि रहेको बताए । गाउँपालिकाको यो खर्च प्रवृत्तिप्रति स्थानीय बासिन्दा समेत असन्तुष्ट देखिएका छन् । महादेवा–५ का श्यामराय यादव भन्छन्, 'हामीले बाटो, पानी र स्वास्थ्यको माग गरिरहेकै छौं । तर, पालिकाले हाम्रो मागभन्दा भोजभतेरमा प्राथमिकता दिएको देखिन्छ । यो हाम्रा लागि दुर्भाग्य हो ।' यस्तै, महादेवा–३ की महिलाअधिकारकर्मी नन्दा देवी चौधरीले भनिन्, 'हाम्रो वडामा महिनौंदेखि आङ्गनबारी भवन अधुरो छ । तर, पालिकाको खर्च भने होटल बिल तिर्न व्यस्त देखिन्छ ।' यसैबीच, महादेवा गाउँपालिकाले आगामी आर्थिक वर्षदेखि खर्चमा मितव्ययिता अपनाउने र उत्पादनमुखी कार्यक्रमलाई प्राथमिकता दिने प्रतिबद्धता जनाएको छ । पालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद यादवले भने, 'हामीले समीक्षा गरिरहेका छौं । अब विकास, शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता क्षेत्रमा बढी बजेट केन्द्रित गर्ने तयारी छ ।' तर, स्थानीयवासीको विश्वास भने टुटिसकेको देखिन्छ । उनीहरू भन्छन्, 'बर्षेनि यस्तै आश्वासन दिइन्छ, कार्यान्वयन कहिल्यै हुँदैन । पैसा खर्च हुने तर काम नहुने परिपाटी अन्त्य गर्नैपर्छ ।'




# ६ लाख रुपैयाँ क्षतिपूर्ति दिने सहमति

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका–५ स्थित सिरसिया कुलो (बर्खि बाँध) मा डुबेर ज्यान गुमाएका १३ वर्षीय सन्दीप मुखियाको घटनाले स्थानीय समुदायलाई आक्रोशित बनाएको छ । स्थानीयका अनुसार गणपति घ्यू, नन्दन घ्यू र अशोक स्टील उद्योगबाट प्रशोधन नगरी बगाइएको रसायनयुक्त प्रदूषित पानीका कारण सन्दीपको मृत्यु भएको हो । शल्य परीक्षणले समेत मृत्युको कारण प्रदूषित पानी भएको पुष्टि गरेपछि पीडित परिवार र स्थानीयले शनिबार शवसहित मुख्य सडकमा प्रदर्शन गरेका थिए । शवसहित प्रदर्शन गर्दै आक्रोशित स्थानीयले उद्योगको लापरवाहीले जनस्वास्थ्य र वातावरणमा गम्भीर असर पु¥याएको भन्दै दोषीमाथि कडा कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग राखेका थिए । इलाका प्रहरी कार्यालय सिमराका डीएसपी वेदप्रकाश जोशीका अनुसार उद्योग प्रशासन, पीडित परिवार, जनप्रतिनिधि र स्थानीय अगुवाबीच भएको छलफलमा गणपति र नन्दन घ्यू उद्योगले संयुक्त रूपमा ६ लाख रुपैयाँ क्षतिपूर्ति दिने सहमति गरेका छन् । साथै मृतक बालककी आमा अञ्जु मुखियालाई स्थानीय विद्यालयमा स्थायी रोजगारी दिनेसमेत सहमति भएको छ । उद्योगले संयुक्त रूपमा उनलाई मासिक १५ हजार रुपैयाँ उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् । यसैबीच, जीतपुरसिमरा उपमहानगरपालिकाले प्रदूषित पानी बग्ने स्थानमा डोजर परिचालन गर्दै ह्युमपाइप हटाई खाल्डो पुर्ने काम थालेको छ । उपप्रमुख भोलाप्रसाद अधिकारीले उद्योगहरूबाट फोहोर र रसायनयुक्त पानी ननिस्किएको भन्ने उद्योग पक्षको दाबी अस्वीकार गर्दै पानीको दृश्य र प्रभावले नै त्यसको खण्डन गर्ने बताए । नगरपालिकाले अब वातावरणीय मापदण्डको उल्लंघन गर्ने उद्योगहरूमाथि कडा निगरानी र कानुनी प्रक्रिया अघि बढाइने चेतावनी दिएको छ । स्थानीयले यसअघि पनि पर्खाल भत्काएर ह्युमपाइप हटाइए पनि उद्योगहरूले पुनः जडान गरी प्रदूषित पानी बगाइरहेको आरोप लगाउँदै आएका छन् ।

# जसपा पर्साको ११ बुँदे ध्यानाकर्षण पत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी, नेपाल (जसपा) पर्साले मधेश प्रदेशमा देखिएको सुख्खा संकटको सन्दर्भमा सरकारको कामप्रति गम्भीर असन्तुष्टि जनाउँदै प्रधानमन्त्री र मधेशका मुख्यमन्त्रीलाई ११ बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ । जसपाले सरकारले सुख्खा संकटग्रस्त क्षेत्र घोषणा गरे पनि राहत प्याकेज नल्याउनु 'नालायकीपन' भएको आरोप लगाएको छ । जसपा नेपाल पर्साका अध्यक्ष राम नरेश प्रसाद यादवको नेतृत्वमा गएको टोलीले जिल्ला प्रशासन कार्यालयमार्फत बुझाएको ध्यानाकर्षण पत्रमा 'सरकारको काम केवल घोषणामा मात्र सीमित छ । राहतको कुनै ठोस नीति वा बजेट छैन । यस्तो अवस्थामा सर्वसाधारणको जीवन अत्यन्तै कष्टकर बनेको उल्लेख गरिएको छ । पार्टीको कार्यक्रम अनुसार मधेश प्रदेशको ८ वटै जिल्लका प्रशासन कार्यालयमार्फत संघ र प्रदेश सरकारलाई ध्यानाकर्षण पत्र बुझाइएको अध्यक्ष यादवले जानकारी दिए । जसपा नेपालले सुख्खाग्रस्त क्षेत्रहरूमा अविलम्ब सिँचाइको प्रबन्ध मिलाउन, किसानहरूलाई कृषि ऋणमा छुट दिलाउन र मल खाद्यको न्यायोचित वितरण गर्न माग गरेको छ ।

वीरगंज लगायत मधेश प्रदेशका विभिन्न सहर र ग्रामीण क्षेत्रमा देखिएको खानेपानीको चरम अभावलाई तत्काल सम्बोधन गर्नुपर्नेमा पनि जोड दिइएको छ ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन